# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २१ | काठमाडौं | आइतबार, १ जेठ २०७९ | Prabhab National Daily, | Sunday, May 15, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## नौ महिनामा दुई लाख ५६ हजार विदेशिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षका नौ महिनामा साढे दुई लाखभन्दा बढी नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार चैत मसान्तसम्म अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या दुई लाख ५६ हजार ३१ रहेको छ । यो वर्ष श्रम स्वीकृति लिएर विदेशिनेको संख्या उल्लेख्य बढेको पाइएको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ७४.९ प्रतिशतले घटेको थियो ।

चालु आवको पुस महिनामा सबैभन्दा धेरै ३६ हजार ४३१ जना अन्तिम श्रम स्वीकृति लिएर विदेशिएका थिए । त्यसैगरी मंसिरमा ३४ हजार ७०० र माघ महिनामा ३२ हजार ५८९ जनाले अन्तिम श्रम स्वीकृति लिएका थिए । सबैभन्दा कम पहिलो महिना साउनमा १३ हजार ८०० जना श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा गएका थिए ।

पछिल्लो महिना चैतमा २८ हजार १३१ जना श्रम स्वीकृति लिएर विदेशिएका छन् । चैतमा विदेशिनेको संख्या फागुनमा भन्दा बढी हो । फागुनमा २७ हजार ७९८ जनाले अन्तिम श्रम स्वीकृति लिएका थिए । यस्तै, भदौमा २४ हजार ६९२, असोजमा २७ हजार ८२४, कात्तिकमा ३० हजार ६६ जनाले अन्तिम श्रम स्वीकृति लिएर विदेशिएको तथ्यांक छ ।

यता वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १९९.९ प्रतिशतले बढेको छ । चैत मसान्तसम्मको अवधिमा दुई लाख छ हजार ६२९ जनाले पुन: श्रम स्वीकृति लिएको तथ्यांक छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६०.७ प्रतिशतले घटेको थियो ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण प्रभावित बनेको वैदेशिक रोजगारीको क्षेत्र पछिल्लो समय लयमा फर्कन लागेको तथ्यांकले पुष्टि गर्छ । नेपालका साथै गन्तव्य मुलुकहरूमा कोरोना संक्रमण सामान्य बन्दै गएका कारण यो क्षेत्रमा सुधार देखिएको हो ।

समीक्षा वैदेशिक रोजगारीमा गएकाहरूले पठाएको रेमिटचान्समा पनि सुधार आएको छ । यद्यपि, अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.६ प्रतिशतले कमी आई सात खर्ब २४ अर्ब ७४ करोड रूपैयाँ कायम भएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिटचान्स १६.५ प्रतिशतले बढेको थियो ।

### स्थानीय निर्वाचनको प्रारम्भिक मतपरिणाम:

# एमाले–गठबन्धन प्रतिस्पर्धामा स्वतन्त्रको चुनौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार भएको स्थानीय तह निर्वाचनको मतगणना चलिरहेको छ । कतिपय स्थानमा शुक्रबार रातिदेखि नै मतगणना सुरु भएको थियो । बाँकीमा शनिबारदेखि मतगणना जारी छ । कतिपय स्थानीय तहको मतपरिणाम आउन थालेको छ ।

निर्विरोध निर्वाचितसहित हालसम्म १४ पालिकाको नतिजा सार्वजनिक भएको छ । नतिजा सार्वजनिक भइसकेकामा नेकपा एमालेले अग्रता लिइरहेको छ । एमालेलाई नेपाली कांग्रेसले पछ्याइरहेको छ । स्वतन्त्र उममेदवारहरूले समेत दलहरूलाई कडा चुनौती दिइरहेका छन् ।

हालसम्म सार्वजनिक मतपरिणामअनुसार एमालेले छ वटा गाउँपालिकामा अध्यक्ष र पाँच वटामा उपाध्यक्ष जितेको छ । कांग्रेसले पाँचवटा अध्यक्ष/प्रमुख तथा पाँच वटै उपाध्यक्ष/उपप्रमुख जितेको छ । यस्तै, नेकपा एकीकृत समाजवादीले दुई वटा गाउँपालिका अध्यक्ष तथा एक उपाध्यक्ष जितेको छ ।

एमालेले मनाङको चामे र मनाङ डिस्याङ गाउँपालिका, डोल्पाको शे फोक्सुण्डो गाउँपालिका, मुस्ताङको लो-घेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र लोमन्थाङ गाउँपालिकामा अध्यक्ष जितेको हो । उपाध्यक्षतर्फ मुस्ताङका नार्पाभूमि, लो-घेकर दामोदरकुण्ड, लोमन्थाङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका तथा डोल्पाको छार्का ताङसोङ गाउँपालिकामा एमालेका उम्मेदवार विजयी भएका छन् ।

नेपाली कांग्रेसले मुस्ताङका नार्पाभूमि र घरपभ्फोङ गाउँपालिका, मनाङको नासोँ गाउँपालिका, डडेलधुराको गन्याधुरा गाउँपालिका र गुल्मीको रेसुंगा नगरपालिकामा अध्यक्ष/प्रमुख जितेको छ । उपाध्यक्षतर्फ मनाङको चामे गाउँपालिका, डोल्पाको काइके गाउँपालिका, मुस्ताङको घरपभ्फोङ गाउँपालिका, डडेलधुराको गन्याधुरा गाउँपालिका र गुल्मीको रेसुंगा नगरपालिकामा कांग्रेसका उम्मेदवार उपाध्यक्ष/उपप्रमुखमा विजयी भएका छन् ।

त्यस्तै, नेकपा एकीकृत समाजवादीले डोल्पाको काइके र छार्का ताङतोङ गाउँपालिकामा अध्यक्ष जितेको छ । डोल्पो बुद्ध गाउँपालिकामा पनि एकीकृत समाजवादीका उम्मेदवार उपाध्यक्षमा विजयी भएको छ । नेकपा माओवादी केन्द्रले डोल्पाको जगदुल्ला गाउँपालिकामा अध्यक्ष र उपाधयक्ष दुवैमा जित हासिल गरेको छ । यस्तै मनाङको नासोँ गाउँपालिकामा पनि माओवादी उम्मेदवारले उपाध्यक्ष जितेको छ ।

शनिबार राति ११ बजेसम्मको मतपरिणाअनुसार नेपाली कांग्रेसले प्रमुख/अध्यक्ष २६० र उपप्रमुख/उपाध्यक्ष २०० स्थानीय तहमा अग्रता लिएको छ । नेकपा एमालेले प्रमुख/अध्यक्ष १६१ र उपप्रमुख/उपाध्यक्ष १८१ वटामा अग्रता लिइरहेको छ । यसैगरी माओवादी केन्द्रले प्रमुख/अध्यक्ष १०२ र उपप्रमुख/उपाध्यक्ष १२६, जसपा नेपालले प्रमुख/अध्यक्ष २२ र उपप्रमुख/उपाध्यक्ष १७, लोसपाले प्रमुख/अध्यक्ष ५ र उपप्रमुख/उपाध्यक्ष ५, एकीकृत समाजवादीले प्रमुख/अध्यक्ष १२ र उपप्रमुख/उपाध्यक्ष १९ तथा स्वतन्त्रसहित अन्य दलले प्रमुख २७, उपप्रमुख २१ स्थानीय तहमा अग्रता बनाएका छन् ।

**काठमाडौंमा बालेनको अग्रता**

काठमाडौं महानगरपालिकाका मेयर पदका स्वतन्त्र उम्मेदवार बालेद्र (बालेन) शाहले अग्रता बनाएका छन् । शनिबार राति ११ बजेसम्मको अद्यावधिक विवरणअनुसार उनले ८४२ मत पाएका छन् ।

उनलाई नेकपा एमालेका मेयर पदका उम्मेदवार केशव स्थापितले ७२३ मतसहित पछ्याइरहेका छन् ।

त्यस्तै, नेपाली कांग्रेसकी उम्मेदवार सिर्जना सिंह ५०९ मत ल्याएर तेस्रो स्थानमा छिन् । सिंहलाई एकीकृत समाजवादी र माओवादी केन्द्रको पनि साथ छ ।

उपमेयरमा भने एमालेकी सुनिता डंगोलले लोकप्रिय मतका साथ अग्रता लिइरहेकी छन् । उनले ६०२ मत ल्याएकी छन् । एकीकृत समाजवादीका रामेश्वर श्रेष्ठले १२६ मत ल्याएका छन् । यस्तै, राप्रपाकी विनिता मगैयाले पनि १२६ मत नै पाएकी छन् ।

सबैको चासोको केन्द्र बनेको भरतपुर महानगरपालिकामा गठबन्धनबाट उम्मेदवार बनेकी माओवादी केन्द्रकी रेनु दाहालले अग्रता बनाएका छन् । पोखरा महानगरपालिकामा एकीकृत समाजवादीले एमालेका उम्मेदवारमाथि प्रारम्भिक अग्रता बनाएको छ ।

काठमाडौं महानगरसहित अधिकांश स्थानीय तहमा बागी उम्मेदवारले अग्रता बनाइरहेका छन् । धुलिखेल, जनकरपुरधामलगायत स्थानीय तहमा बागी उम्मेदवार अगाडि देखिएका हुन् । केही वडामासमेत बागी उम्मेदवार विजयी भएका छन् ।



### घोषित मत परिणाम

**■ नेकपा एमाले**

प्रमुख/अध्यक्ष (६)
- चामे गाउँपालिका, मनाङ
- मनाङ डिस्याङ गाउँपालिका, मनाङ
- शे फोक्सुण्डो गाउँपालिका, डोल्पा
- लो–घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ
- वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ
- लोमन्थाङ गाउँपालिका, मुस्ताङ

उपप्रमुख/उपाध्यक्ष (५)
- नार्पाभूमि गाउँपालिका, मुस्ताङ
- लो–घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ
- लोमन्थाङ गाउँपालिका, मुस्ताङ
- वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ
- छार्का ताङसोङ गाउँपालिका, डोल्पा

**■ नेपाली कांग्रेस**

प्रमुख/अध्यक्ष (५)
- नार्पाभूमि गाउँपालिका, मुस्ताङ
- घरपभ्फोङ गाउँपालिका, मुस्ताङ
- नासोँ गाउँपालिका, मनाङ
- गन्याधुरा गाउँपालिका, डडेलधुरा
- रेसुंगा नगरपालिका, गुल्मी

उपप्रमुख/उपाध्यक्ष (५)
- चामे गाउँपालिका, मनाङ
- काइके गाउँपालिका, डोल्पा
- घरपभ्फोङ गाउँपालिका, मुस्ताङ
- गन्याधुरा गाउँपालिका, डडेलधुरा
- रेसुंगा नगरपालिका, गुल्मी

**■ माओवादी केन्द्र**

प्रमुख/अध्यक्ष (१)
- जगदुल्ला गाउँपालिका, डोल्पा

उपप्रमुख/उपाध्यक्ष (२)
- जगदुल्ला गाउँपालिका, डोल्पा
- नासोँ गाउँपालिका, मनाङ

**■ एकीकृत समाजवादी**

प्रमुख/अध्यक्ष (२)
- काइके गाउँपालिका, डोल्पा
- छार्का ताङसोङ गाउँपालिका, डोल्पा

उपप्रमुख/उपाध्यक्ष (१)
- डोल्पो बुद्ध गाउँपालिका, डोल्पा

**अग्रता कसको कति ?**

■नेपाली कांग्रेस
प्रमुख – २६०, उपप्रमुख – २००

■नेकपा एमाले
प्रमुख – १६१, उपप्रमुख – १८१

■माओवादी केन्द्र
प्रमुख – १०२, उपप्रमुख – १२६

■जसपा नेपाल
प्रमुख – २२, उपप्रमुख – १७


लोसपा
प्रमुख – ५, उपप्रमुख – ५

एकीकृत समाजवादी
प्रमुख –१२, उपप्रमुख – १९

■अन्य
प्रमुख – २७, उपप्रमुख – २१

# पाँचौं पटक नेपाल भ्रमणमा आउँदै भारतका प्रधानमन्त्री मोदी

**मोदीको यो भ्रमणले धार्मिक पर्यटनसँगै द्विदेशीय सहयोगात्मक सम्बन्ध सुदृढ हुने विश्वास गरिएको छ**



■ शरच्चन्द्र भण्डारी

**काठमाडौं–** भारतका प्रधानमन्त्री नेरेन्द्र मोदी भोलि सोमबार नेपालको औपचारिक भ्रमणमा आउँदै छन् । बुद्ध जयन्तीको अवसरमा लुम्बिनीमा आयोजना हुने विशेष समारोहमा सहभागी हुन प्रधानमन्त्री शेरबहादुर देउवाको निमन्त्रणामा उनी नेपाल आउन लागेका हुन् । आठ वर्षअघि भारतको प्रधानमन्त्री भएपछि हुन लागेको उनको यो पाँचौं भ्रमण हो ।

धार्मिक एवं आध्यात्मिक प्रकृतिको भ्रमण भए पनि दुवै देशका प्रधानमन्त्रीबीच हुने वार्तालाई दुवै मुलुकका जनताले चासोका साथ नियालेका छन् । प्रधानमन्त्रीको यो भ्रमणले धार्मिक पर्यटनसँगै द्विदेशीय सहयोगात्मक सम्बन्ध सुदृढ हुने विश्वास गरिएको छ । गत चैतमा भएको प्रधानमन्त्री देउवाको भारत भ्रमण र त्यसक्रममा भएका सहमतिको कार्यान्वयन तथा भावी योजनाबारे उनीहरूबीच विचारविमर्श हुने अपेक्षा गरिएको छ ।

पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका निम्ति भारतसँग अनुरोध गर्ने प्रधानमन्त्री देउवाको सार्वजनिक अभिव्यक्तिले नेपाल र भारतका जनता उत्साहित भएका छन् । ऊर्जा संकटले पिरोलिएका भारतका मित्रहरू नेपालमा उत्पादित बिजुली पाउने आशमा उत्साहित भएका हुन् भने अपार जलस्रोतको सम्यक सदुपयोग नहुँदा विकासको बाटोमा गतिहीन हुनुनपर्ने परिस्थितिको परिकल्पनामा नेपालीमा ऊर्जा थपिएको हो । यद्यपि, उक्त आयोजना निर्माण गर्न लामो समय र विशाल पुँजी लाग्नेछ । तर, राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्ति भएमा यस्ता परियोजना बनाउन सकिन्छ । आपसी समभ्फदारी भएमा प्रारम्भिक चरणका प्रक्रियागत कामको थालनी शीघ्र गर्न सकिनेछ ।

प्रधानमन्त्री देउवासँगै भारतका प्रधानमन्त्रीले मायादेवी मन्दिरमा पूजाअर्चना गर्ने, लुम्बिनीको विहार क्षेत्रमा बौद्ध संस्कृति तथा सम्पदा केन्द्रको शिलान्यास गर्ने कार्यक्रमले गौतमबुद्धको (**बाँकी पृष्ठ २ मा**)

### यस्तो छ भ्रमणको कार्यक्रम

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जेठ २ गते भारतको सारनाथबाट हेलिकप्टरमा लुम्बिनी आउने कार्यक्रम छ । उनी लुम्बिनी बिहानको करिब ११ बजे आइपुग्ने लुम्बिनी विकास कोषले जनाएको छ ।

भारतीय प्रधानमन्त्री मोदीले मायादेवी मन्दिरमा बुद्धको पदचापमा पूजा गर्ने र पुष्प चढाउने कार्यक्रम रहेको छ । यसका साथै मायादेवी मन्दिरसँगै रहेको अशोकस्तम्भमा उनले दीप प्रज्वलन गर्ने कार्यक्रमसमेत रहेको विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए ।

भारतीय प्रधानमन्त्रीको भ्रमणमा सुरक्षा व्यवस्था मिलाउन भारतीय सुरक्षाकर्मी एसपिजी (स्पेसल प्रोटेक्सन गार्ड) बुधबार भारतीय वायुसेनाको विमानबाट लुम्बिनी आइपुगेको छ । यसका साथै भारतीय प्रधानमन्त्रीको लुम्बिनी भ्रमणका क्रममा सवारीका लागि भारतबाट बुधबार नै चार वटा गाडीसमेत आइपुगेका छन् । ती गाडी विमानबाट नै भैरहवास्थित गौतमबुद्ध विमानस्थलमा भ्फारिएको थियो ।

लुम्बिनीमा मायादेवी मन्दिरको पूजा तथा दीप प्रज्वलनपश्चात् यसअघि प्रधानमन्त्री मोदीका तर्फबाट भारतीय राजदूतले रोपेको बोधिवृक्षमा जनचेतना गर्ने कार्यक्रम रहेको सदस्य सचिव शाक्यले जानकारी दिए ।

यसैगरी भारत सरकारले अन्तर्राष्ट्रिय बुद्धिष्ट कन्फरेडेसन (आइबिसी)मार्फत लुम्बिनीमा निर्माण गर्न लागेको बौद्ध विहारको प्रधानमन्त्री शेरबहादुर देउवा र समकक्षी भारतीय प्रधानमन्त्री मोदीले संयुक्तरूपमा शिलान्यास गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए । यसलगत्तै दुवै देशका प्रधानमन्त्रीको होटल पवनमा द्विपक्षीय भेटघाट हुने कार्यक्रम रहेको उनले बताए । द्विपक्षीय भेटपश्चात् करिब १ बजे २५६६औं बुद्धपूर्णिमा तथा लुम्बिनी दिवस, २०७९ मूल समारोहमा भारतीय प्रधानमन्त्री मोदी उपस्थित हुने कार्यक्रम रहेको विकास कोषले जनाएको छ । उक्त समारोहलाई प्रधानमन्त्री देउवा र समकक्षी भारतीय प्रधानमन्त्री मोदीले विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।



## स्थानीय तह निर्वाचन

# मतगणनामा ढिलासुस्ती



### ८५ केन्द्रको मतदान स्थगित

काठमाडौं (प्रस)- यही वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा स्थगन हुने मतदान केन्द्रको संख्या ८५ पुगेको छ। निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा शनिबार साँझसम्म प्राप्त विवरणानुसार लुम्बिनी प्रदेशबाहेक छ वटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ केन्द्रमा मतदान स्थगन भएको हो।

तीमध्ये कतिपयमा पुनः निर्वाचनको मिति तोकिएको छ भने अन्यमा निर्णय भइसकेको छैन । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले पुनः निर्वाचनको मिति तय गर्नुपूर्व स्थगन हुने कारण विश्लेषण, निर्वाचन सामग्रीको भण्डारण, सुरक्षा स्थितिको आकलन गर्न भनिएको बताए। कतिपय मतदानस्थलमा देखिएको विवाद मिलाउन आयोगबाट टोली पनि जाने भएको छ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही वैशाख ३० गते मतदान सम्पन्न भएका स्थानीय तहहरूमा मतगणना कार्य जारी छ। मुलुकभर ८५ बाहेकका केन्द्रमा मतदानपछि सुरु गरिएको मतगणना निकै सुस्त गतिमा चलिरहेको छ।

कूल ७५३ स्थानीय तहमध्ये अधिकांशमा जारी मतगणनाका छिटफुट परिणाम सार्वजनिक भए पनि धेरै जसो स्थानीय तहको मतगणनामा ढिलासुस्ती भइरहेको छ। कतिपय मतगणनास्थलमा एउटै मतपत्र गणना गर्न १५ देखि २० मिनेट लगाइएको छ। त्यही कारण मतपरिणामहरू पनि सुस्त गतिमा सार्वजनिक भइरहेको छ।

निर्वाचन आयोगले छिटो मतगणना सकेर जिम्मेवारी सुम्पने गरी बनाएको कार्यतालिका यही तरिकाले मतगणना गर्ने हो भने प्रभावित हुने देखिएको छ। काठमाडौं महानगरपालिकाका सबै मतदानस्थलबाट शुक्रबार राति नै राष्ट्रिय सभागृहमा मतपेटिका जम्मा गरिएको थियो। सर्वदलीय सहमतिमा शनिबार बिहान १० बजेदेखि सुरु भएको मतगणनाअन्तर्गत साँझ ७ बजेसम्ममा जम्मा एक हजार १८० मत मात्रै गनिएको छ। यही हिसाबले मत गनिने हो भने महानगरपालिकाको मत गन्न धेरै समय लाग्नेछ।

शनिबार मध्याह्न १२ बजेसम्म काठमाडौंमा जम्मा १०० मत गनिएको थियो। नौ घण्टामा करिब एक हजार १८० मत गनिएको छ। काठमाडौं महानगरमा कूल तीन लाख २४२ मतदातामध्ये एक लाख ९० हजार १७० मत खसेको छ। शनिबारकै हिसाबले मत गणना गर्ने हो भने निकै समय लाग्ने देखिन्छ।

अन्य महानगरको हालत पनि उस्तै छ। ललितपुर महानगरमा त काठमाडौंको भन्दा अझै सुस्त भएको पाइएको छ। मध्याह्न १२ बजेदेखि गणना सुरु भएको ललितपुरमा यो समाचार तयार पार्दासम्म जम्मा ४०० मत गनिएको छ। उक्त समयसम्म प्राप्त विवरणमा सहरभन्दा भित्र पहाड तथा हिमाली क्षेत्रका केही पालिकाका मतगणना सम्पन्न भइसकेको छ। यद्यपि, धेरै पालिकामा मतगणना जारी छ। जसमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीबीच नै कडा प्रतिस्पर्धा देखिएको छ।

उनीहरूविरुद्ध केही क्षेत्रमा बागी बनेर स्वतन्त्रबाट उम्मेदवारी दिएका र केही क्षेत्रमा नितान्त स्वतन्त्र उम्मेदवारले टक्कर दिइरहेका पाइएको छ। काठमाडौं उपत्यकामा भने स्वतन्त्रका उम्मेदवार बालेन्द्र शाहले सुरुआतदेखि नै अग्रता लिएका छन्। साँझ ७ बजेसम्मको मतगणनामा उनले ४०२ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वीका रूपमा देखिएका नेकपा एमालेबाट प्रमुख पदका उम्मेदवार केशव स्थापितले ३१९ मत ल्याएका छन्। सत्ता गठबन्धनबाट उम्मेदवारी दिएकी कांग्रेस नेत्री सिर्जना सिंहले २०२ मत प्राप्त गरेकी छन्।

चितवनको भरतपुर महानगरपालिकामा पनि मतगणनामा ढिलासुस्ती भइरहेको छ। उक्त महानगरपालिकामा सत्ता गठबन्धनबाट उम्मेदवारी दिएकी नेकपा माओवादी केन्द्रकी रेनु दाहाल र नेकपा एमालेका उम्मेदवार विजय सुवेदीबीच कडा टक्कर देखिएको छ। पछिल्लो चरणमा झिनो मतले दाहालले अग्रता लिएकी छन्।

भरतपुरमा शरनबार बिहान ११:५३ मा मतगणना सुरु गरिएको थियो। राति यो समाचार तयार पार्दासम्म झण्डै ७०० मत गणना भएको छ। यो गणना अत्यन्तै सुस्त हो। अहिले भने भरतपुरमा गणना टोली बढाइएको बताइएको छ। ललितपुर महानगरपालिकामा ४०० मत गणना हुँदा नेपाली कांग्रेसका प्रमुख पदका उम्मेदवार चिरीबाबु महर्जनको अग्रता रहेको छ। वडा नं १ को गणनामा महर्जनले २०५ मत ल्याउँदा नेकपा एमालेका उम्मेदवार हरिकृष्ण व्यञ्जनकारले १५६ मत प्राप्त गरेका छन्।

शनिबार बिहान गणना थालेको विराटनगर महानगरपालिकाले पनि साँझसम्म एक हजार हाराहारीमा मात्रै मतगणना गरेको छ। पोखरा महानगरपालिकामा अपराह्न ४:३० बजेदेखि मात्र गणना थालिएको थियो। गणनाको गति बढाउने प्रयास थालिएको सम्बद्ध निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा यसपालि विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारी, छ वडाध्यक्षसहित ३५ जना स्वतन्त्र सदस्यसमेत गरी ३९० निर्विरोध निर्वाचित भएका छन्। निर्वाचनमा १० हजार ७५६ मतदानस्थलका २१ हजार ९५५ मतदान केन्द्रबाट एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले जम्मा ३५ हजार २२१ जनामध्ये निर्विरोध निर्वाचित भएकाबाहेकका पदमा प्रतिनिधि छनोटका लागि मतदान गरेका छन्।

यसपालि दर्ता भएका ७९ वटा राजनीतिक दलहरूमध्ये जम्मा ६५ राजनीतिक दल चुनावी प्रतिस्पर्धामा थिए। विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत गरी जम्मा एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा थिए। निर्वाचन आयोगका अनुसार निर्वाचनमा करिब ६४ प्रतिशत मतदान भएको छ। राजनीतिक दल तथा उम्मेदवारबीच विभिन्न कारणले उत्पन्न विवादपछि १६ जिल्लाका २८ पालिकाका ४३ मतदानस्थलका ७९ मतदान केन्द्रमा मतदान स्थगित भएको छ।

# आइतबार विद्यालयमा बिदा नदिन एनप्याब्सनको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन (नेशनल प्याब्सन) ले विद्यालयमा हप्तामा दुई दिन (आइतबारसमेत) बिदा दिने निर्णय फिर्ता गर्न नेपाल सरकारसँग माग गरेको छ।

नेसनल प्याब्सनका अध्यक्ष पाण्डव हमाल ठकुरीले शनिबार विज्ञप्ति जारी विभिन्न बन्द हडताल र कोभिड-१९ का कारण विगत दुई वर्षयता नियमित पठनपाठन नभई विद्यार्थीको सिकाइमा असर परेका कारण दूरगामी असर पर्ने गरी कुनै निर्णय नगर्न आग्रह गरेका हुन्।

विज्ञप्तिमा आफूहरूसँग परामर्श नगरी एकपक्षीयरूपमा आइतबार विद्यालयमा बिदा दिने निर्णय गरिएको गुनासो गर्दै शिक्षा ऐनमा व्यवस्था भएको वार्षिक कार्यदिन र कार्यघण्टामा नकारात्मक असर पर्ने भएकाले अभिभावक, शिक्षक र विद्यार्थीमा अनावश्यक दबाब पर्ने गरी आइतबार विद्यालयमा बिदा दिने निर्णय फिर्ता गर्न माग गरिएको हो।

सरकारले आज जेठ १ गतेदेखि सातामा शनिबार र आइतबार साप्ताहिक बिदा दिने निर्णय गरेपछि विद्यालय सञ्चालनमा नयाँ बहस उत्पन्न भएको छ।

### पाँचौं पटक नेपाल...

पृष्ठ १ बाट जारी

जन्मस्थलको प्रचारप्रसारमा सहयोग हुने र अन्ततोगत्वा नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने विश्वास गरिएको छ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिको सबल आधारमा अघि बढिरहेको शताब्दीऔं पुरानो बहुआयामिक नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सामाजिक र सांस्कृतिकरूपमा मात्र नभई निकट छिमेकीका रूपमा द्विपक्षीय मैत्री अनुपम छ। विशेषगरी खुला सिमाना, एकअर्काको भूमिमा निर्वाध आवागमन, जनता-जनताबीचको गाढा सम्बन्ध, पारिवारिक नाता र समान सांस्कृतिक सम्पर्कले यसलाई अझ प्रगाढ तुल्याएको छ। नेपाल र भारतबाहेक संसारका कुनै पनि देशका नागरिक विनाप्रवेशाज्ञा एकअर्काका मुलुकमा विनारोकतोक आउजाउ र बन्द व्यापार गर्छन्। यद्यपि, यसका बेग्लै नकारात्मक पक्ष छन् तिनको व्यवस्थापनमा दुवै देशले सधैं सजग रहनुपर्ने बाध्यता पनि छ।

सरकार प्रमुखको दायित्व र कार्यव्यस्तताका कारण उनी काठमाडौंसम्म आउन नसके पनि लुम्बिनीबाट प्रधानमन्त्री मोदीले द्विपक्षीय सम्बन्धमा नयाँ अध्याय थप्न खोजेको सन्देश दिएका छन्। शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीबारेको भ्रामक सूचना सधैंसधैंका लागि चिर्न र दुई छिमेकीबीचको धार्मिक र सांस्कृतिक सम्बन्धलाई विश्वसमुदायमा पुऱ्याउन उनको यो भ्रमण उपलब्धिमूलक हुनेमा विमति नहोला।

भारतको प्राथमिकतामा रहेको नेपाल एक मात्र छिमेकी भएकाले पाँचौंपटक नेपाल भ्रमणमा आउने उनको यो यात्रा धार्मिक एवं सांस्कृतिक भए पनि भारतले नेपालसँगको सम्बन्धलाई महत्त्व दिएको दर्शाउँछ। प्रधानमन्त्री मोदीको नेपाल भ्रमणबाट भारतको 'छिमेकी पहिलो नीति'लाई अगाडि बढाउन उपयोगी हुने तथा त्यसले भारत र नेपालबीच नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको सार्वजनिक अभिव्यक्ति भारत सरकारबाट आउनु नेपालका निम्ति सुखद हो।

यसअघि जनकपुरस्थित जानकी मन्दिर, मुस्ताङको मुक्तिनाथ मन्दिर र काठमाडौं आएका बेला पशुपतिनाथ मन्दिरलगायत प्रमुख हिन्दू तीर्थस्थलहरूको भ्रमण र प्रार्थनामा उनले बिताएका क्षणले नेपालका धार्मिक स्थलहरूको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान पुगेको छ।

कूटनीतिमा 'सफ्ट पावर' को अहम् भूमिका हुन्छ जुन प्रधानमन्त्री मोदीका सांस्कृतिक एवं धार्मिक यात्रामा प्रतिविम्बित भएका अन्तर्राष्ट्रिय सम्बन्धका जानकारहरू बताउँछन्। आर्थिक सहयोग एवं पूर्वाधार विकास, व्यापार-वाणिज्य, पारवहन, ऊर्जा र जलस्रोतलगायत पारस्परिक सम्बन्धका समग्र पक्षमा छलफल गर्न र आत्मीय सम्बन्धलाई नवीकृत भ्रमणको उपयोग हुनुपर्ने उनीहरूको अभिमत छ।

विश्वको उदीयमान अर्थतन्त्र र विकासको बाटोमा द्रुत गतिमा अघि बढिरहेको भारतबाट मुलुकले अपेक्षित लाभ हासिल गर्न नसकेको कटु यथार्थ हामीले बिर्सनु हुँदैन। र, झिनामसिना विषयलाई लिएर दुवै पक्षले दुई राष्ट्रबीचको अनुपम सम्बन्धमा आघात पार्ने गतिविधि कहिँकतैबाट पनि हुननहुने उनीहरू बताउँछन्। कार्यकारी सरकार प्रमुखको सर्वोच्च तहमा हुन लागेको यो भ्रमणबाट नेपाल र भारतबीचको धार्मिक, आध्यात्मिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एवं कूटनीतिक सम्बन्ध अझ प्रगाढ भई पारस्परिक हित प्रवर्द्धन र सघन सहयोगात्मक बनाउन अधिक उपयोग गर्नुपर्ने उनीहरूको सुझाव छ।

दुवै देशको हित र साझा भविष्यका लागि सहकार्य र साझेदारीलाई बढावा दिँदै सुरक्षासम्बन्धी मामिलामा आश्वस्त हुन तथा एकआपसका चाहना र आवश्यकताबारे जानकारी लिन यो भ्रमणबाट मद्दत पुग्ने मात्र नभई सम्बन्धको नवीकरण एवं आत्मीयता प्रकट गर्ने उपयुक्त अवसर हुनेछ।

नेपाललाई अति कम विकसित मुलुकबाट स्तरोन्नति गरी सन् २०३० सम्ममा मध्यम आययुक्त विकासशील मुलुक बनाउने तथा दिगो विकासका लक्ष्य प्राप्त गर्ने नेपालको विकासका विषयलाई टेवा दिनेगरी भारतीय सहयोग जुटाउने प्रधानमन्त्रीतहमा हुने वार्तालाई अवसरका रूपमा नेपालले उपयोग गर्ने मौका पाउनेछ। द्विपक्षीय व्यापार तथा लगानी अभिवृद्धि, व्यापार असन्तुलन घटाउने, एकअर्कालाई नजिकबाट बुझ्ने, सुखदुःख सुन्ने/सुनाउने तथा साझा रणनीति तयार गर्दै विकासका चुनौती हटाउन भारतको साथ र सहयोगका निम्ति अनुरोध गर्न नेपालका निम्ति यो भ्रमण उपयुक्त हुनेछ। ***रासस***

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख ३० गते शुक्रबार (तिथिः द्वादशी, नक्षत्रः हस्त, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | नयाँ सम्बन्ध विस्तार हुनेछ। |
| **वृष** | आम्दानी राम्रो हुनेछ। |
| **मिथुन** | अरुबाट सहयोग प्राप्त हुनेछ। |
| **कर्कट** | अनावश्यक डरले सताउनेछ। |
| **सिंह** | अनावश्यक कार्यमा हात नहाल्नुहोला। |
| **कन्या** | जग्गासम्बन्धी काममा सफलता मिल्नेछ। |
| **तुला** | शैक्षिक कार्यमा प्रगति हुनेछ। |
| **वृश्चिक** | अनावश्यक खर्च नगर्नुहोला। |
| **धनु** | रोकावटपछि सफलता प्राप्त हुनेछ। |
| **मकर** | काम सफल हुने योग छ। |
| **कुम्भ** | अनावश्यक तनाव बढ्नेछ। |
| **मीन** | पारिवारिक सहयोग राम्रो रहनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १ गते, २०७९, १५ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |


यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



















१ चितवनको भरतपुर महानगरपालिकाको शनिबार मतगणनाका क्रममा उपस्थित महानगर प्रमुखका उम्मेदवारहरू नेकपा एमालेका विजय सुवेदी, नेकपा माओवादी केन्द्रकी रेनु दाहाल र स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेललगायत ।

२ तनहुँको घिरिङ गाउँपालिकास्थित निर्वाचन अधिकृतको कार्यालयमा शनिबार मतगणना कार्य गर्दै कर्मचारी । तारबार र सिसी क्यामरा जडान गरेर मतगणना भइरहेको छ ।

३ शुक्रबार सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा ताप्लेजुङको फुङ्लिङ नगरपालिका–११ मा गठबन्धनको साझा उम्मेदवार नेकपा माओवादी केन्द्रका युवराज भट्टराई विजय प्राप्त गरेपछि । उनी ३५४ मत प्राप्त गर्दै विजयी भएका हुन् ।

४ काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका वडा नं १ मा नेपाली कांग्रेसका वडाध्यक्षका उम्मेदवार सन्तबहादुर लामा विजयी भएपछि शनिबार धुलिखेलमा निकालिएको विजयी र्‍याली ।

५ ताप्लेजुङको फुङ्लिङ नगरपालिकामा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयको परिसरमा मत परिणामको पर्खाइमा बसेका राजनीतिक दलका नेता तथा कार्यकर्ता ।

६ भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम भवनमा चाँगुनारायण नगरपालिकाको मतगणना गर्ने क्रममा मतपत्र खन्याउँदै ।

७ काठमाडौं महानगरपालिकाको मतगणनास्थल राष्ट्रिय सभागृहमा समाज डेण्टल अस्पताल र लायन्स क्लव काठमाडौंको सहकार्यमा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य चाँच गराउँदै एक म्यादी प्रहरी ।

*सबै तस्बिरहरू: रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# न्यून मतदानको सन्देश

मुलुक संघीय संरचनामा गएपछि दोस्रोपटक स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । विभिन्न आशंकलाई चिर्दै सरकारले तोकेकै समय यही वैशाख ३० गते स्थानीय निर्वाचन सम्पन्न गरेको हो । निर्वाचन केही छिटफुट् घटनाबाहेक समग्रमा शान्तिपूर्ण रूपमा नै सम्पन्न भयो । यद्यपि, केही मतदान केन्द्रहरूमा विभिन्न दल, उम्मेदवारलगायतको विवादका कारण निर्वाचन स्थगित हुन पुग्यो । केही स्थानमा दुईपक्षबीच झगडा हुँदा ज्यानै जाने घटना पनि भए । राजनीतिक दल तथा उम्मेदवारबीच विभिन्न कारणले उत्पन्न विवादपछि लुम्बिनी प्रदेशबाहेकका छ वटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ मतदान केन्द्रमा मतदान स्थगन भएको निर्वाचन आयोगले जनाएको छ ।

स्थानीय तह निर्वाचन २०७९ मा यसपालि विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारी, छ वडाध्यक्षसहित ३५ जना स्वतन्त्र सदस्यसमेत गरी ३९० निर्विरोध निर्वाचित भएका छन् । निर्वाचनमा १० हजार ७५६ मतदानस्थलका २१ हजार ९५५ मतदान केन्द्रबाट एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले जम्मा ३५ हजार २२१ जनामध्ये निर्विरोध निर्वाचित भएकाबाहेकका पदमा प्रतिनिधि छनोटका लागि मतदान गरेका छन् । यसपालि दर्ता भएका ७९ वटा राजनीतिक दलहरूमध्ये जम्मा ६५ राजनीतिक दल चुनावी प्रतिस्पर्धामा थिए । विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत गरी जम्मा एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा थिए ।

देशभरका सबै स्थानीय तहमा एकैपटक गरिएको निर्वाचनमा मतदाताको सहभागिता भने न्यून देखिएको छ । निर्वाचन आयोगका अनुसार निर्वाचनमा करिब ६४ प्रतिशत मतदान भएको छ । यो सहभागिता सन्तोषजनक नभएको राजनीति विश्लेषकहरूले बताएका छन् । सबैभन्दा धेरै मतदाता रहेको काठमाडौं महानगरपालिकामा करिब ५० प्रतिशतको हाराहारीमा मात्र मतदान भएको छ । आयोगका अनुसार काठमाडौंमा ५२ प्रतिशतमात्र मत खसेको छ । अन्य महानगरहरूमा पनि मतदान सन्तोषजनक देखिँदैन । सहरी क्षेत्रमा भएको न्यून सहभागिताले मुलुकभरको समग्र मतदान न्यून देखिएको हो । यसरी मतदाताको सहभागिता न्यून हुनुलाई विभिन्न पक्षबाट विश्लेषण भइरहेको छ ।

आवधिक निर्वाचन लोकतन्त्रको आधार मानिन्छ । जनताले आफ्नो जनप्रतिनिधि आफैंले चुन्न पाउने अधिकारको सदुपयोग निर्वाचनबाट गर्ने गर्दछ । तर, निर्वाचनमा मतदाताको न्यून सहभागिता हुनुले निर्वाचन प्रणालीमाथिकै विश्वसनीयता कम भएको ठहरिने विश्लेषकहरूको भनाइ छ । यसरी कम सहभागिता हुनुमा दलहरूसँग जनताको विश्वास घट्नु, जनप्रतिनिधिहरूप्रति वितृष्ण जाग्नु, मतदाता शिक्षँको कमी हुनुलगायत देखिन्छ । यसले लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउन सक्छ । त्यसैले राजनीतिक दलहरूले जनतालाई विश्वासमा लिन आफैंमा सुधार थाल्न आवश्यक छ । यसपटकको स्थानीय तह निर्वाचनमा भएको न्यून मतदानले दिएको सन्देशलाई दलहरूले गम्भीर रूपमा लिनैपर्छ ।

# शिक्षाको नाममा मौलाएको व्यापार र राजनीति

उमेश थापा

पछिल्लो समय च्याउ उम्रेझैं निजी शिक्षण संस्थाहरू खुल्ने क्रम जारी छ । दुई-तीन घरको अन्तरमा शिक्षण संस्थाहरू भेटिन्छन् । तर, निजी शिक्षण संस्थाहरूले राम्रो शिक्षा दिने नाममा महँगो शुल्क लिएर ठगिरहेका छन् । विद्यार्थीका अभिभावकसँग मनलाग्दी भर्ना शुल्कदेखि मासिक शुल्क बुझिरहेको पाइन्छ ।

एउटा विद्यार्थीले भर्ना हुनैका लागि पाँच-दश हजार तिर्नुपरिरहेको छ । मासिक शुल्क पनि १०-७० हजार रूपैयाँसम्म असुल्छन् । त्यसैगरी विभिन्न शीर्षकमा अन्य शुल्क उठाउँछन् । स्कूल र कलेजका विद्यार्थीहरूको पोसाकबाट पनि कमिसन खान्छन् । स्कूलमै लुगा सिलाउन बाध्य पारिन्छ ।

पाठ्यपुस्तकबाट पनि कमिसन, झोलाबाट पनि कमिसन । विद्यालयको लोगो हालेर झोला सिलाउँछन् अनि विद्यार्थीलाई महँगो शुल्कमा बेच्छन् । त्यही झोलाको माध्यमबाट प्रचारप्रसार गर्दछन् । अझ होस्टेलमा बस्नेहरूको त हाल बेहाल छ भन्दा पनि केही फरक पर्दैन । न राम्रो खान न ढंगको सुत्ने ओछ्यानको नै व्यवस्था मिलाइएको हुन्छ ।

बुबाआमाको व्यस्तताको फाइदा होस्टेलहरूले उठाइरहेको छ । स्याहारसुसार केही पनि गर्दैनन् तर चर्को शुल्क तिर्नुपर्छ । पढाउने शिक्षक-शिक्षिका र सरसफाइ गर्ने कर्मचारी पनि यस्ता विद्यालयबाट कायल भइसकेका छन् । विद्यार्थीको आमाबुवासँग मनलाग्दी शुल्क लिन्छन्, तर कर्मचारीहरूलाई न्यून तलब दिन्छन् ।

निजी शिक्षण संस्थाहरूले लुट मच्चाउँदा पनि शिक्षा मन्त्रालय र शिक्षा विभाग किन मौन छ ? अन्य निकायहरूले किन अनुगमन गर्दैनन् ? स्कूल र कलेजले लिने शुल्क सरकारले निर्धारण गरेको होइन । आफूले तिरेको शुल्कअनुसार आफ्नो छोराछोरीले सेवासुविधा पाएका छन् कि छैनन् ? अभिभावकलाई थाहा छैन ।

निजी शिक्षण संस्थामा देशका राजनीतिक दलहरूको लगानी रहेको पाइन्छ । त्यसैले यी संस्थाको विरोधमा कसैले पनि आवाज उठाउन सकेको छैन । २०७२ को संविधानले नेपालीलाई शिक्षा र स्वास्थ्य निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । अहिले निजी विद्यालयबाट माध्यमिक तह सकाउनेबित्तिकै विदेश जाने क्रम बढ्दो छ ।

नेपालमा केही नदेख्नेहरू अमेरिका र अस्ट्रेलिया धाउन रुचाउँछन् । भिसा र अन्य कागजपत्र मिलाउन कन्सल्टेन्सी छँदै छ । तर, यसबाट राज्यलाई कति घाटा भइरहेको छ शिक्षा मन्त्रालयले सोचेको छ ? एउटा विघार्थी बाहिर जाँदा २०-२५ लाख रूपैयाँ खर्च गर्नुपर्ने हुन्छ । विकसित देशले विद्यार्थी त लग्यो नेपालको यत्रो पैसा पनि लिएर गयो । राम्रो शिक्षा हासिल गर्ने नाममा बर्सेनि विदेश जाने विद्यार्थीहरूको ओइरो लागिरहेको छ । निजी विद्यालयमा पढेका विद्यार्थीहरू कुनै हालतमा नेपाल बस्न चाहँदैनन् । निजी स्कूल र कलेज विद्यार्थी राम्रा विद्यार्थी उत्पादन गर्ने र बाहिर पठाउने कारखाना सावित भएका छन् ।

नेपालीहरू नेपालका लागि होइन अरू देशका लागि योगदान गर्न रुचाउँछन् । अझ उतैका नागरिकता पाउनका लागि उनीहरूले केसम्म गर्दैनन् ? आफ्नो देशको माया मारिदिन्छन् । त्यसैले, निजी विद्यालयहरूले धेरै विकृति ल्याएको कुरा लुकाएर लुक्दैन ।

विघार्थी बोक्ने बसहरू रातो प्लेटमा दर्ता हुन्छ । त्यो बस बिहान र बेलुका मात्र सञ्चालन हुन्छन्, त्यही पनि विद्यार्थी घरघर पुऱ्याउन । तर, बस चढेवापत उनीहरूका अभिभावकले चर्को शुल्क तिरिरहेका छन् । त्यो पनि स्कूल र कलेज आफैंले तोकेको भाडा हो । विद्यार्थी बोकेर लिने भाडा कुनै पनि निकायले निर्धारण गरेको छैन ।

यसको जिम्मा भने शिक्षा विभाग र यातायात व्यवस्था विभागको हो । सार्वजनिक यातायात जसरी नै यी सवारीको भाडा तोक्न जरुरी देखिन्छ । २०४९ सालको यातायात ऐनमा निजी प्लेटमा दर्ता भएको सवारीले यात्रु बोकेर पैसा लिन पाउँदैन । तर, स्कूल बसहरूले लिइरहेका छन् । यिनीहरू पनि रातो प्लेटमा दर्ता भएका छन् ।

त्यसैगरी, निजी प्लेटका सवारीहरू घरेलु र कम्पनीमा गएर पञ्जीकरण भएका छैनन् । रोड पर्मिट र जाँचपास तिर्नु पर्दैन । जसले गर्दा राज्य राजस्वविहीन बनेको छ । स्कूल कलेजका बसहरूले आफूले गरेको सवारीमा लगानी र दैनिक कमाइको पनि राजस्व तिरेको पाइँदैन । अझ कतिपय यस्ता बसहरू भन्सार र भ्याट छुटमा भित्रिएको छ ।

उनीहरूले सिट क्षमताभन्दा बढी विद्यार्थी हाल्दा, उभ्याएर यात्रा गराउँदा पनि ट्राफिक महाशाखाले अनुगमन गर्दैन । विद्यार्थी बोक्ने सवारीहरू चार दशकसम्म पुराना छन् । यस्ता थोत्रा गाडीमा यात्रा गराउँदा दुर्घटना हुने जोखिम बढेको छ । गाडीको अवस्था ठीक नभएको कारणले कतिखेर दुर्घटना हुने हो यसको अन्दाज लगाउन पनि मुस्किल पर्छ ।

थोत्रा सवारीका कारण प्रदूषण ह्वात्तै बढेको छ । अभिभावकले महँगो शुल्क तिरेर के गर्नु, छोराछोरी थोत्रा सवारीमा यात्रा गर्न बाध्य छन् । आमाबुवालाई आफ्ना छोराछोरी चढ्ने सवारी कति वर्ष पुरानो हो, थाहा छैन । कालो प्लेटमा दर्ता भएका सवारीसाधन २० वर्ष पुगेपछि हटाउने निर्णय गरिएको छ । तर, निजीको हकमा यो निर्णय लागू भएको छैन । निजी प्लेटका सवारीसाधन यत्तिकै दर्ता भइरहेको छ । तथापि, दर्ता रोक्न सरकार असफल देखिन्छ ।

सरकारी शिक्षण संस्थाका गुरुहरूले राजनीतिक पार्टीको झोला बोक्दा विद्यार्थीहरूको पढाइ स्तर खस्किँदै गएको छ । विद्यार्थीहरूको भविष्यलाई बेवास्ता गर्दा सरकारी विद्यालय आज खालीखाली हुने अवस्थामा आइसकेको छ । गरिबको छोराछोरीको भविष्यसँग गुरुहरूले खेलवाड गरेका छन् ।

उनीहरूलाई तलब र पेन्सन भए पुग्छ । आएको छात्रवृत्ति पनि स्कूलका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई दिइँदैन । जसकारण पढाइ छोड्नबाहेक उनीहरूसँग विकल्प छैन । सरकारी स्कूल र कलेजमा विघार्थीलाई खाजा र मर्मतलाई आएको बजेट पनि भ्रष्टाचार गर्छन् ।

सरकारी स्कूलमा अभावैअभाव छ । खानेपानी छैन, शौचालय नहुँदा दिनभरि दिशापिसाब च्यापेर बस्न बाध्य छन्, विद्यार्थीहरू । पढाउँदैनन् तर होमवर्क नगरेको खण्डमा करङ फुस्कनेगरी पिट्छन् । हाजिर गर्छन् घरतिर दौडिन्छन् शिक्षक-शिक्षिका । अनि विद्यार्थीले के पढ्ने ? यस्तो शिक्षकबाट के सिक्ने ?

सरकारी नपढाउने निजी लुट्ने । सरकारका गुरुहरूलाई तलबभत्ता खुवाउनु बालुवामा पानी मिसाएसरह हो । जनताले तिरेको कर त सखापै भएको छ भने विद्यार्थीको भविष्य

**निजी शिक्षण संस्थाहरूले लुट मच्चाउँदा पनि शिक्षा मन्त्रालय र शिक्षा विभाग किन मौन छ ? अन्य निकायहरूले किन अनुगमन गर्दैनन् ? स्कूल र कलेजले लिने शुल्क सरकारले निर्धारण गरेको होइन । आफूले तिरेको शुल्कअनुसार आफ्नो छोराछोरीले सेवासुविधा पाएका छन् कि छैनन् ? अभिभावकलाई थाहा छैन ।**

अन्धकार बनेको छ । यस्ता शिक्षकका कारण गरिबका छोराछोरीले पढ्न पाएका छैनन् । पढ्न छोडेर हल्लेर हिँड्न बाध्य बनाउने तिनै शिक्षकहरू हुन् ।

सरकारी शिक्षण संस्थामा पढाइ होइन राजनीति हुन्छ । शिक्षकहरू विद्यार्थीलाई पार्टीको झोला बोक्न लगाउँछन् । आखिरी आफ्नो पार्टी बलियो बनाउनुपऱ्यो । आफ्नो छोराछोरी राम्रो स्कूलमा पढाउने । भोलिका डाक्टर, पाइलट र इञ्जिनियर बनाउने र हामीजस्ताको भविष्यसँग खेलवाड गर्ने । यिनीहरूको कारण गरिबका छोराछोरीको जिन्दगी वर्वाद भएको छ । यसको क्षतिपूर्ति कसले दिने ?

## मनन्योग्य

### विदुर नीति

असल व्यक्ति, ब्राह्मण, राजाहरू, बुढोपाखो मानिस, केटाकेटी, दुःखी र दरिद्रहरू आदीसँग आफूमा उठ्तैगरेको रिस (क्रोध) लाई सधैं नै नियन्त्रणमा राख्नुपर्दछ ।

बेकारको झगडा गर्नु मूर्खहरूको काम मामत्र हो । बुद्धिमान्ले मूर्खले गर्नेगरेको बेकारको कलहलाई त्याग्नुपर्दछ । कलह छोड्दा कीर्ति फैलन जान्छ र उसले अनर्थको सामना पनि गर्नुपर्दछ ।

जसरी स्त्रीहरूले पुरुषत्वहीन (नपुंसक) लोग्नेलाई त्यागिदिन्छन् । त्यसै गरी रिस पनि कुनै परिमाण छैन र खुसी हुँदा पनि कुनै फल दिदैँन भने त्यास्तो राजालाई पनि उसका जनताहरूले छाडिदिने गर्दछन् । अर्थात खुलाएको र रिसाएको एकै समान गर्ने राजा नपुंसक बराबरको हुन्छ ।

बुद्धिबाट घन लाभ हुन्छ । मूर्खताले गरिबी ल्याउँछ, भन्ने कुराको कुनै नियम छैन । इहलोक र परलोकबारे बुझ्ने व्यक्ति बुद्धिमान मात्र हुन्छ मूर्खले भने सांसारिक प्रपञ्चबारे थाहा पाउँदैन ।

विद्या पढेको, असल शीलस्वभाव भएको, पाको उमेर, परिपक्व बरद्धि, धनवान् र कुलीन तथा सम्मानित पुरुषलाई मूर्ख मानिसहरू सधैंभरि अनादर गर्ने गर्दछन् । अनाचार र अत्याचार गर्ने, अर्कालाई निन्दा गर्दै हिंड्ने, फोहरी कुरा गर्ने (दुष्ट-वचन बोल्ने), रिसाहा, मूर्ख व्यक्तिलाई दुःख र दारिद्रयले तुरुन्तै घेर्दछ ।

ठगी नगर्ने, दान गर्ने, आफ्नो बोलीमा रहने (वचनले पक्का), समयमा नै काम गर्ने, विचार पुर्‍याएर राम्रो बोली बोल्दै सबैको हितहुने कुरा गर्ने वा मधुर बोली बोल्ने मानिसले शत्रु तथा विरोधीहरू समेतलाई आफ्नो बशमा राख्न सक्तछ ।

झूठो कुरा नभन्ने, चलाख र सावधान, कृतज्ञ, बुद्धिमान, सरलस्वभाव भएको राजाले आफू धन सम्पत्ति वा ढुकुटी रित्तिने अवस्थामा पुग्दा पनि इष्टमित्र, नोकर-चाकर तथा आफूलाई सहयोग गर्ने व्यक्तिहरूलाई सहयोगीको रूपमा जुटाइरहन सक्तछ । **क्रमशः**

## पत्र-मञ्जुषा

# पानीविनाको संकटपूर्ण दैनिकी

जन्मेदेखि नमर्दासम्म हरेक प्राणीलाई पानीको आवश्यकता पर्दछ । मानिसदेखि लिएर चराचुरुंगी, जीवजन्तु, बोटबिरुवा सबैलाई पानी चाहिन्छ नै । पानीविना एकछिन पनि बस्न सकिँदैन । खेतीपातीका लागि पनि पानी नै चाहिन्छ । जहाँ सिँचाइको व्यवस्था राम्रो हुन्छ त्यहाँ उब्जनी पनि राम्रो हुन्छ । तर, सिँचाइ नपुगेको खेत सुख्खा हुन्छ जसका कारण त्यहाँ खेतीपाती गर्न असम्भव हुन्छ ।

तर, नेपालको खोलानाला, नदी, कोशी सबै हामी मानवका कारण दुर्गन्धित बनेको छ । हामी मानवहरू लापरवाह हुँदा खोलानालामा पानी होइन, ढल र फोहोरका पोकाहरू बग्छन् । खोलानालालाई सदुपयोग नगर्दा पानीको हाहाकार भएको छ । बाटो र घर भन्दाभन्दै जमिनभित्रबाट मुल फुटेर निस्किने पानी पनि बन्द भइसकेको छ । यता, भएका ढुंगेधारा र कुवाहरूको पनि हामीले संरक्षण गरेनौं ।

पहिले ढुंगेधारा भएको ठाउँमा अहिले घर छ । बाँकी केही ढुंगेधाराबाट थोपो पनि पानी झर्दैनन् । यसको प्रमुख दोषी पनि मानव नै हो । जनसंख्या प्रत्येक दिन बढ्दै गएको छ तर पानीको मुलहरू संरक्षणको विषयमा कसैले चासो दिँदैनन् । मानौं, घर र बाटो बनाउने लहर चलेको छ । वनजंगल फँडानी गर्दै, चौतारा मास्दै, पानीको स्रोत बन्द गर्दै घर र बाटो बनाउनुको औचित्य के ?

जसको कारण नेपालमा प्रदूषण ह्वात्तै बढेको छ । प्रदूषण बढ्दा हिउँदमा पानी पर्छ, बर्खामा सुख्खा । यता, पानी पर्ने समय परिवर्तन भएको छ भने पानी पनि निकै कम पर्छ । खेतीपाती गर्ने समयमा पानी नपर्दा किसानहरू मारमा परेका छन् । उब्जनी कम भएकाले उनीहरू चिन्तित बनेका छन् । अर्कोतिर, भएका जमिनहरू पनि बाँझै छ । अव्यवस्थित तरिकाले बनेको घर र बाटोले विपद् निम्त्याएको छ ।

पानी पर्नेबित्तिकै विभिन्न क्षेत्र डुबानमा पर्नुको कारण यही हो । माटोले सोस्नुपर्ने पानी कसरी कंक्रिटले सोस्छ ? पानी नै छिर्न नपाएपछि डुबान पर्नु स्वाभाविकै पनि हो । आफूले गरेको कुकर्मको फल आफैंले भोग्नुपर्छ भनेको पनि यही नै हो । जमिनभित्र पानी जान नपाउँदा इनारहरू सुक्यो । कलहरूबाट पानीको थोपो पनि चुहिँदैन । पोखरी, ताल र आल पनि मासिँदै गएपछि पानी जम्ने ठाउँ कहीँ पनि छैन ।

पानी नहुँदा भाडामा बस्नेहरूको जीवन कष्टकर बनेको छ । घरधनीले घरभाडामा ल्याएर मासिक भाडा बुझ्छ तर कोठामा बस्नेलाई पानी दिँदैनन् । अहिले उपत्यकामा मेलम्चीको पानी आए पनि बहालमा बस्नेले पाएका छैनन् । बरु, घरधनीहरू सवारी साधन धुन्छन् तर बहालमा बस्नेलाई पिउने पानीसमेत थाप्न दिँदैनन् । जसको कारण कोठा बस्नेहरू मारमा परेका छन् ।

तर, यसको फाइदा भने पानी बेच्ने कम्पनीहरूले लिएका छन् । पानीमा समेत व्यापारीकरण भएको छ । पानी व्यापार रातमा चार गुणा र दिनमा दुई गुणाले फस्टाउँदै छ । व्यापारी मालामाल भइरहेको छ । पानीविना जनताको दैनिकी संकटपूर्ण बनिरहेको छ । तर जनता पीडित हुँदा सरोकारवाला कसैको ध्यान जान नसक्नु दुःखद् कुरा हो । यसमा सरकारको ध्यान जाओस् ।

*विन्दा रावल, बुटवल*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# स्थगन भएकामध्ये १९ मतदान केन्द्रमा नयाँ मिति तय

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा विवादका कारण स्थगन भएका ८५ मतदान केन्द्रमध्ये १९ केन्द्रमा यही जेठ १, २ र ३ गतेका लागि नयाँ निर्वाचन मिति तय गरिएको छ ।

स्थगन भएकामध्ये १० मतदानस्थलमा पुनः मतदानको मिति तय भएको हो भने अन्य ३४ मतदानस्थलमा निर्णय हुन बाँकी छ । तीमध्ये प्रदेश १ को तीन, मधेस प्रदेशको दुई, बागमती प्रदेशको पाँच, कर्णाली प्रदेशको दुई र सुदूरपश्चिम प्रदेशका पाँ मतदान केन्द्रमा नयाँ मिति तय भएको हो ।




निर्वाचन आयोगका अनुसार आज जेठ १ गते निर्वाचन हुने मतदानस्थलमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकाको जनता माविको दुई केन्द्र, कालीकोटको रास्कोट गाउँपालिकाको जनता माविको एक, कालीकोटकै पचालभरना गाउँपालिकाको जनता माविको एक, बझाङको जयपृथ्वी नगरपालिका, सुनीपिपल चौर माविको दुई मतदान केन्द्र रहेका छन् ।

जेठ २ गते निर्वाचन हुने मतदानस्थलमा धनकुटाको सहिदभूमि गाउँपालिकाको ठाकुरदेवी माविको तीन केन्द्र, रामेछापको खाँडादेवी नगरपालिकाको राकमथुमको तीन केन्द्र, बझाङको केदारस्युँ गाउँपालिकाको जगन्नाथ माविका दुई केन्द्र, बझाडको सुर्मा गाउँपालिकाको कृष्ण प्राविको एक केन्द्र र सोही पालिकाको आधाबगर माविको दुई केन्द्र रहेका छन् । जेठ ३ गते निर्वाचन हुने मतदानस्थलमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाको श्रीराम माविको दुई मतदान केन्द्र रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा शनिबार साँझसम्म प्राप्त विवरणअनुसार लुम्बिनी प्रदेशबाहेकका छ वटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ मतदान केन्द्रमा मतदान स्थगन भएको जनाएको छ । पुनः निर्वाचनको मिति तय गर्नुपूर्व स्थगन हुने कारण विश्लेषण, निर्वाचन सामग्रीको भण्डारण, सुरक्षा स्थितिको आकलन गर्न निर्देशन दिएको छ ।

# मनाङ र मुस्ताङ मतगणना सम्पन्न

■ प्रभाव संवाददाता

**मनाङ–** मनाङ र मुस्ताङको सबै पालिकाको मत गणना सकिएको छ । मनाङका दुई पालिका एमाले र दुई पालिकामा कांग्रेसले जितेको छ ।

त्यस्तै, मुस्ताङको चार पालिकाको पनि मत परिणाम सार्वजनिक भएको छ । जहाँ तीन पालिका एमालेले जितेको छ ।

मनाङको चामे गाउँपालिकाको अध्यक्षमा एमालेका लोकेन्द्रबहादुर घले दोस्रो पटक निर्वाचित भएका छन् । उपाध्यक्षमा कांग्रेसकी मिङ्मार डोमा लामा विजयी भएकी छिन् ।

त्यस्तै मनाङ ङिस्याङ गाउँपालिकाको अध्यक्षमा एमालेका कान्छा घले निर्वाचित भएका छन् । उपाध्यक्षमा स्वतन्त्र उम्मेदवार छिरिङ गुरुङ विजयी भए ।

मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिकामा एमाले विजयी भएको छ । एमाले उम्मेदवार लोप्साङ छोम्पेल विष्ट विजयी भएका हुन् । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा पनि एमाले विजयी भएको छ ।



एमालेका रिङ्जिन नामगेल गुरुङ विजयी भएका हुन् । उपाध्यक्षमा एमालेकै ढिकी गुरुङ विजयी भएकी छिन् ।

मुस्ताङकै लोमान्थाङ गाउँपालिकामा एमालेका टसी गुरुङ विजयी भएका छन् ।

उपाध्यक्षमा एमालेकै छिमी विष्ट विजयी भएकी छिन् ।

नेपाली कांग्रेस मनाङको दुई गाउँपालिका र मुस्ताङको एक पालिका गरी तीन पालिकामा विजयी भइसकेको हो ।

मनाङको नार्पा भूमि गाउँपालिका र नासौँ गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसले अध्यक्ष जितेको छ । नार्पा भूमिबाट कांग्रेसका कोन्जो तेन्जिङ लामा विजयी भएका छन् । उपाध्यक्षमा भने एमालेका फुन्चो लामा निर्विरोध निर्वाचित भइसकेका थिए ।

मनाङको नासौँ गाउँपालिका अध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार धनबहादुर गुरुङ विजयी भएका छन् । उपाध्यक्षमा माओवादीका वेदबहादुर गुरुङ विजयी भएका छन् ।

त्यस्तै, मुस्ताङको घरपझोङ गाउँपालिकामा नेपाली कांग्रेसका मोहनसिंह लालचन विजयी भएका छन् । उपाध्यक्षमा कांग्रेसकी जमुना थापा विजयी भएकी छन् ।

# मतगणनास्थलमा मतपेटिका ल्याउन तीन दिनको पैदलमार्ग

■ दिलकुमार लिम्बू

**फुङ्लिङ–** चीनको सिमावर्ती क्षेत्र ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७ याङमा मतदान केन्द्रबाट मतगणनास्थलसम्म मतपेटीका आइपुग्न तीन दिन लाग्ने भएको छ ।

वैकल्पिक व्यवस्थापनको समस्याका कारण उक्त स्थानको मतिपेटिका पैदलमार्ग हुँदै मतगणनास्थल ल्याउन लागिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

प्रतिकूल मौसमका कारण हेलिकोप्टर जान नसकेपछि पैदल मार्गहुँदै निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटीका पुऱ्याउन लागिएको हो । भौगोलिक हिसाबले अतिदुर्गम बस्ती याङमा, ओलाङचुङगोला, घुन्सा र ग्याप्ला गरी चार मतदान केन्द्रको मतपेटीका हेलिकोप्टरमार्फत निर्वाचन अधिकृतको कार्यलयसम्म ल्याउन निर्वाचन आयोगले गत साता गृह मन्त्रालयबाट अनुमति लिएको थियो । तर, मौसम प्रतिकूल भएसँगै हेलिकोप्टर जान नसकेपछि तीन दिनलाग्ने पैदलमार्गमार्फत बोकेर ल्याउनुपरेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङका सूचना अधिकारी पिविन दुलालले बताए ।

दुलालका अनुसार शनिबार बिहानै मतपेटिका ल्याउने तयारी गरिएको थियो । उनले आइतबारसम्ममा निर्वाचन अधिकृतको कार्यालय तापेथोकसम्म मतपेटीका ल्याई पुऱ्याइने योजना बनाइएको छ । ओलाङचुङगोला, घुन्सा र ग्लाप्लाका मतदान केन्द्रका मतपेटीका भने शनिबार १० बजे रातिसम्ममा निर्वाचन अधिकृतको कार्यालयसम्म आइपुग्ने जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ ।



समुद्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित याङमा बस्तीमा शेर्पा समुदायको ११ घरपरिवार बसोबास गर्दै आएका छन् । ६० जना मतदाता रहेको याङमा यस स्थानीय तह निर्वाचनमा १४ जनाले मात्र मतदान गरेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ । शुक्रबार दश पुरुष र चार महिलाले मतदान गरेको जिल्ला निर्वाचन अधिकृत खनालले बताए ।

उक्त क्षेत्रमा मतदान गराउनका लागि कर्मचारी र सुरक्षाकर्मी गरी नौ जनाको टोली याङमा पुगेको थियो । मतदान गर्नका लागि दुई लाखभन्दा बढीखर्च हुने निर्वाचन आयोगको कार्यालय ताप्लेजुङले जनाएको छ ।

'उक्त क्षेत्रमा निर्वाचनका लागि दुई लाख रूपैयाँभन्दा बढी खर्च हुने अनुमान गरिएको छ, नागरिकको मताधिकारका लागि खर्च गर्नु राज्यको दायित्वभित्र पर्दछ' खनालले भने ।

फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुङगोलामा वडाध्यक्षसहित पाँचैजना जनप्रतिनिधि भने यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् ।

जसका कारण सो वडाको दुवै मतदान केन्द्रमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि मात्रै मतदान भएको छ ।

यस्तै २७६ जना मतदाता रहेको ओलाङ्चुङगोलामा ८५ मत खसेको छ । ४२ जना पुरुष र ४३ जना महिलाले मतदान गरेको जनाइएको छ । यस्तै १६६ मतदाता रहेको घुन्सामा ८१ मत खस्यो । जसमा ४४ पुरुष र ३७ महिला छन् ।

यता ग्याव्लामा भने ३२ जनाले मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ । नौ स्थानीय तह रहेको ताप्लेजुङमा फक्ताङलुङ गाउँपालिकाबाहेक अन्य आठ स्थानीय तहमा रहेका निर्वाचन अधिकृतको कार्यालयमा मतपेटीका संकलन भइसकेको छ ।

यसैबीच मेरिङदेन गाउँपालिका, आठराई त्रिवेणी गाउँपालिका, फुङ्लिङ नगरपालिकामामतगणनासुरुभएको छ भने अन्य स्थानीय तहमा सर्वदलीय बैठक बस्ने तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ । 'सर्वदलीय बैठकपछि ती पालिकामा मतगणनाकार्य सुरु गर्नेछौं, फक्ताङलुङ गाउँपालिकाको भने आइतबारसम्ममा मतगणनास्थलमा आइपुग्ने अनुमान गरेका छौँ', अधिकृत खनालले भने । *रासस*

# पौडी खेल्ने क्रममा नदीमा डुबेर मृत्यु

**दाङ(प्रस)–** घोराही उपमहानगरपालिका-१० नारायणपुर घर भएका १६ वर्षीय प्रशान्त वलीको तुलसीपुर उपमहानगरपालिका-११ बेलटाकुरास्थित बबई नदिमा पौडी खेल्ने क्रममा डुबेर शनिबार मृत्यु भएको छ ।

तुलसीपुर उपमहानगरपालिका-११ बेलटाकुरास्थित हजुरआमाको घरमा पूजामा आएको अवस्थमा उक्त नदीमा डुबी बेपत्ता भएका उनको खोजी गर्ने क्रममा सोही नदीको किनारामा शव फेला परेको हो ।


## Invitation for Bids

### *Triveni Municipality*

### Office of the Municipality

**Toli, Bajura**

**Sudurpaschhim Province, Nepal**

*Invitation for Bids for the* **Pipalshain Simla DWSS**

Contract Identification No: **TM/NCB/W/07/2078-079**

Date of publication: 2079-02-1(May -15,2022)

1. ***Office of Triveni Municipality, Toli, Bajura*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Pipalshain Simla DWSS Construction**under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of Triveni Municipality, Toli, Bajura, EmailID:itotrivenimun@gmail.com,*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder Shall have the option of Submitting their Bid Electronically Only.Submission of Hard Copy Bids Shall Not be Entertained.Bidder may Download the Bidding Documents for e-submission form PPMO's Website www.bolpatra.gov.np./egp,Biddersubmitting their bid electronically, should deposit the cost of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Bank Ltd., Triveni Branch, Bajura,**
   **Name of Office : Triveni Municipality Office ,Toli, Bajura**
   **Khata Type. :Antarik Rajshow Khata**
   **Office Account no.: 26803000001001000001**
4. Electronic Sealed bids must be submitted to the ***Office of Triveni Municipality,Toli, Bajura*** through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 Hrs** on ***2079-02-31(Jun-14,2022)***. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend **14:00 Hrs** on ***2079-02-31 (Jun-14,2022).)***. at the ***Office of Triveni Municipality,Toli, Bajura***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Office of the Triveni Municipality , Toli-Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
9. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
10. If bidder wish to submit the bid security in the form of cash, bidder has to deposite cash in **dharauti account no 26803000000003000001 of Triveni Municipality, Toli, Bajura** at **Nepal bank Ltd. Triveni branch Bajura** and submit bank deposit voucher along with a bid.

**Details of Works**

| Discription of works | contract identification No. | Total Amount Excluding VAT | Bid Security Amount Nrs. | Bid Security Validity Period | Fee for Bid Documents | Remarks |
|---|---|---|---|---|---|---|
| Pipalshain Simla DWSS Construction | TM/NCB/W/07/2078-079 | 5235345.63 | 135000 | Validity up to 120 days from the last date of bid submission | 3000.00 | |

# प्रभाव दैनिक

रूपशाला


## शान्तीश्रीको वनको काफल सार्वजनिक

लोकदोहोरी गीत बनको काफल सार्वजनिक भएको छ। शान्ती श्री परियार र कुशल विश्वकर्माको स्वरमा रहेको उक्त गीतको म्यूजिक भिडियो प्रिन्सेस फिल्मबाट सार्वजनिक भएको हो। उक्त गीतमा शब्द इन्द्र दाहालको रहेको छ भने संगित सरोज थापाको रहेको छ। लोकदोहोरी गीतमा कलाकार जानकी कुँवर र भिम खडकाको अभिनय रहेको छ। म्यूजिक भिडियोको निर्देशन देवेन्द्र कुँवरले गरेका छन् भने छायांकन प्रकाश खड्काको रहेको छ।





आइतबार, १ जेठ २०७९ (Sunday, May 15, 2022)





## 'जोगी'लाई दुई अवार्ड

■ प्रभाव संवाददाता


**काठमाडौं–** नेपालका विभिन्न स्थानमा अझै फेरि प्रथा छ। साउन, कार्तिक तथा चैत महिनामा जोगी जातका पुरुषहरूले राति घरको वरिपरि घुमि शंख बजाइ फेरी लगाउने गरिन्छ। यसै विषयमा निर्माण भएको दयाराम घिमिरे निर्देशित डकुमेन्ट्री फिल्म 'जोगी : द गड अफ नाइट' ले अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा दुई अवार्ड जितेको छ।

फिल्मले एक साता भित्र भारतको मोख्खो इन्टरनेशनल फिल्म अवार्ड तथा भुटानको डुक इन्टरनेशनल फिल्म अवार्ड हात परेको छ। दक्षिण भारतको पुन्डुचेरीमा आयोजना भएको मोख्खो इन्टरनेशनल फिल्म फेस्टिभलमा यो फिल्म उत्कृष्ट डकुमेन्ट्री सर्ट फिल्म बनेको हो। विश्वभरबाट आएका फिल्महरूलाई पछि पार्दै नेपालबाट गएको यो डकुमेन्ट्री उत्कृष्ट बनेको हो।

भुटानमा आयोजना हुँदै गरेको डुक इन्टरनेशनल फिल्म फेष्टिभलमा पनि 'जोगी : द गड अफ नाइट'ले आउटस्ट्यान्डिङ अचिभमेन्ट अवार्ड जितेको हो। नेपाली संस्कृति बोकेको वृत्तचित्रले यसरी अवार्ड जित्नु नेपाल र नेपालीहरूको लागी गर्वको कुरा भएको निर्देशक घिमिरे बताए।

संखुवासभा र धरानमा छायांकन गरिएको यस वृत्तचित्रमा फेरी लगाउँदै हिँड्ने ओमनाथ जोगीलाई फिचर गरिएको छ भने निर्माण दयाराम घिमिरे र हरि उप्रेतीले गरेका हुन्।

## सोहेल-सीमा सम्बन्ध विच्छेदको तयारी



■ प्रभाव संवाददाता

**मुम्बई–** सलमान खानका भाइ सोहेल खान र उनकी श्रीमती सीमा खान सम्बन्धविच्छेदको तयारीमा छन्। भारतीय सञ्चार माध्यम आजतकका अनुसार यी दुईले मुम्बईको फेमिली कोर्टमा सम्बन्धविच्छेदका लागि निवेदन दिएका छन्। सोहेल र सीमालाई शुक्रबार फेमिली कोर्ट बाहिर देखिएको थियो। यी दुई अदालतबाट छुट्टा छुट्टै निस्किएका थिए।

स्रोतलाई उद्धृत गर्दै आजतकले भनेको छ - 'सोहेल खान र सीमा सचदेव शुक्रबार फेमिली कोर्टमा उपस्थित भएका थिए। यी दुईले सम्बन्धविच्छेदको निवेदन दिएका छन्। यी दुईबीचको दोस्ती अहिलेसम्म पनि यथावत् छ। यी दुईले अचानक अलग हुने निर्णय गरेका थिए। यसबारे कसैलाई पनि भनिएको थिएन।

यी दुइले आफ्नो यो निर्णयलाई नीजि राख्नु नै ठिक सम्झेका थिए र त्यसपछि मात्रै सम्बन्धविच्छेदको निर्णय दिएका थिए। उनीहरू पछिल्लो थुप्रै वर्षदेखि छुट्टा छुट्टै बस्दै आएका थिए।'

यो जोडीलाई निकै नजिकबाट चिन्ने साथीले दिएको जानकारी अनुसार सीमा र सोहेलबीच कुनै विवाद छैन। यी दुईले यो निर्णयलाई मिलेर लिएका हुन् र आ-आफ्नो जीवनमा अघि बढ्ने निर्णय गरेका छन्।

## मलयालम अभिनेत्री सहाना मृत फेला



■ प्रभाव संवाददाता

**काठमाडौं–** मोडल तथा मलयालम अभिनेत्री सहाना मृत भेटिएकी छन्। मिडिया रिपोर्टका अनुसार उनी घरकै बाथरुमा मृत भेटिएकी हुन्।

उनले एक दिन पहिले आफ्नो जन्मदिन सेलिब्रेसन गरेकी थिइन्। सहानाको आमाबुबाले छोरी घरेलु हिंसाको सिकार भएको आरोप समेत लगाएका छन्। उनको निधनको सोधपुछका लागि प्रहरीले पति सज्जादलाई हिरासतमा लिएको छ।

सहानाको आमाले आफ्नो छोरीले आत्महत्या गर्न नसक्ने भन्दै उनको हत्या भएको दाबी गरेकी छन्। छोरीले श्रीमान्ले आफूलाई कुट्ने र खाना पनि नदिने गरेको गुनासो गर्दै आएको समेत बताएकी छन्। सहाना कोजिकोडमा बस्दै आएकी थिइन्।

सहाना र सज्जादको विवाह डेढ बर्ष अगाडि भएको थियो। केही अगाडि उनी आफु घरेलु हिंसाको सिकार भएको बिषयमा उजुरी दर्ता गराउने तयारीमा थिइन्। तर पति सज्जादको साथीहरूले सम्झाएको कारण उनी रोकिएकी थिइन्। हालै सहानाले एक फिल्ममा काम गरेकी छन्।



## युगान्डाविरुद्धको टी-२० सिरिजका लागि नेपाली महिला टोलीको अन्तिम तयारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** युगान्डाविरुद्धको टी-ट्वान्टी अन्तराष्ट्रिय सिरिजका लागि नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले अन्तिम तयारी गरिरहेको छ।

नेपाली टोलीले टियु मैदानमा तयारी गरिरहेको हो। नेपालले टियु क्रिकेट मैदानमा युगान्डाविरुद्ध पाँच खेलको सिरिज खेल्नेछ।

नेपाल क्रिकेट संघ (क्यान) ले सिरिजका लागि रुबिना क्षेत्रीको कप्तानीमा टोलीको घोषणा गरिसकेको छ।

नेपाल र युगान्डाबीचको पहिलो टी-ट्वान्टी जेठ २ गते हुनेछ। दोस्रो टी-ट्वान्टी जेठ ३ गते र तेस्रो टी-ट्वान्टी जेठ ५ गते हुनेछ। यस्तै चौंथो टी-ट्वान्टी जेठ ६ गते र अन्तिम टी-ट्वान्टी जेठ ७ गते हुनेछ।

## नेपाली टोलीको घोषणा

**काठमाडौं (प्रस)–** जेठ पहिलो सातादेखि हुने युगान्डाविरुद्धको पाँच खेलको ट्वान्टी २० शृंखलाका लागि नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको घोषणा भएको छ। शनिवार नेपाल क्रिकेट संघ (क्यान) ले रुविना क्षेत्रीको कप्तानीमा १६ सदस्यीय नेपाली टोली सार्वजनिक गरेको हो।

नेपाली महिला क्रिकेट टोलीले पहिलो पटक घरेलु मैदानमा क्रिकेट शृंखला खेल्न लागेको हो। त्रिवि क्रिकेट मैदानमा हुने खेल जेठ दुई गतेदेखि सुरु हुनेछ। यस्तै, नेपालले तीन गते दोस्रो, पाँच गते तेस्रो, ६ गते चौथो र सात गते पाँचौ खेल खेल्नेछ।

**नेपाली टिम:**

रुविना क्षेत्री (कप्तान), सिता रानामगर, इन्दु बर्मा, काजोल श्रेष्ठ, सरिता रानामगर, कविता कुँवर, अप्सरी बेगम, अस्मिना कर्माचार्य, संगिता राई, कविता जोशी, रोमा थापा, ज्योति पाण्डे, सबनम राई, विन्दु रावल, डोली भट्ट, हिरन्मायी रोय

## एटि्फल्डद्वारा ह्वीलचेयर खेलकुद क्लबलाई सहयोग



■ प्रभाव संवाददाता

**काठमाडौं–** द रोज इन्टरनेसनल फन्ड फर चिल्ड्रेन, एबिलिटी डेभलप्मेन्ट सोसाइटी अफ नेपाल र ब्रिटिस दूतावासका आयन एटि्फल्डले जावलाखेल ह्वीलचेयर खेलकुद क्लबलाई आइतबार सहयोग स्वरूप ह्वीलचेयर प्रदान गरेका छन्।

करिब ७ लाख मुल्य बराबरको ७ थान ह्वीलचेयर प्रदान गरिएको क्लबका अध्यक्ष भरत बिसीले जनाएका छन्। त्यसमा एटि्फल्डको सहयोग व्यक्तिगत हो।

ललितपुर महानगरपालिकाअन्तर्गत महिला विकास महाशाखाकी प्रमुख महेश्वरी विष्ट रावललगायतले जावलाखेलस्थित सेन्ट जेभियर्स स्कुलमा आयोजित एक कार्यक्रमबीच सामाग्री हस्तान्तरण गरे।

## एएफसी एसियन कप चीनमा नहुने

**काठमाडौं (प्रस)–** एएफसी एसियन कप-२०२३ चीनमा आयोजना नहुने भएको छ। एसियन फुटबल कन्फेडेरेसन (एएफसी) ले शनिबार चीनले आयोजकबाट नाम फिर्ता लिएको जनाएको छ।

कोभिड-१९ को महामारीको कारण देखाएर चाईनिज फुटबल एसोसियनले आयोजकबाट नाम फिर्ता लिएको एएफसीले जनाएको छ।

एएफसीले नयाँ आयोजक राष्ट्रको नाम चाडैं घोषणा गरिने जनाएको छ। एएफसीले २०१९ मा चीनमा एसियन कप आयोजना गर्ने निर्णय गरेको थियो।

प्रतियोगिता जुन १६ देखि जुलाई १६ सम्म हुने तालिका रहेको थियो। एसियन कपमा २४ राष्ट्रले प्रतिस्पर्धा गर्ने छन्।

नेपाल पनि एएफसी एसियन कपको छनोट खेलिरहेको छ।

छनोटमा नेपाल समूह 'ए' मा रहेको छ। यस समूहमा कुवेत, इन्डोनेसिया र जोर्डन रहेका छन्।

## आइबाको अध्यक्षमा पुन: उमर

**काठमाडौं (प्रस)–** अन्तराष्ट्रिय बक्सिङ महासंघ (आइबा) को अध्यक्षमा पुन: उमर क्रेमलेभ निर्वाचित भएका छन्। टर्कीको इस्तानबुलमा शनिबार भएको चुनावी साधारणसभाबाट उमर दोस्रो कार्यकालको लागि निर्वाचित भएका हुन्।




विश्व महिला बक्सिङ च्याम्पियनसिप दौरान इस्तानबुलमा आइबाको साधारणसभा भएको हो।

साधारणसभामा नेपालबाट नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले र केन्द्रीय सदस्य मान बहादुर भण्डारी सहभागी थिए।

नवनियुक्त अध्यक्ष उमरले गत मंसिरमा नेपालको भ्रमण गरेका थिए।



**बुद्धपूर्णिमा दिवस** | म्यानमारको यांगोनस्थित श्वेडागन प्यागोडामा बुद्धको जन्मदिन भनेर चिनिने कासोनको पूर्णिमाको दिन शनिबार (१४ मे) बरगदको माटोका भाँडाहरूमा पानी भरेर फूलको रूख बोकेका बुद्ध भक्तहरू । *तस्बिरः एपी*

# भारतको एक घरमा भएको आगलागीमा परी २० को ज्यान गयो



**नयाँदिल्ली–** भारतको नयाँ दिल्लीस्थित एक भवनमा भएको आगलागीमा परी २० जनाको ज्यान गएको छ । भारतीय राजधानी नयाँदिल्लीको मुन्डका मेट्रो स्टेसनमा रहेको एक भवनमा शुक्रबार राति आगो लागेको थियो ।

उक्त आगलागीमा परी अरू ४० जना जलेर घाइते भएका छन् । ती घाइतेमध्ये अधिकांशको अवस्था गम्भीर रहेको बताइएको छ ।

उनीहरूलाई अस्पताल भर्ना गरिएको छ । भर्ना भएकाको अवस्था कतिपयको गम्भीर रहेकाले यस दुर्घटनामा परेर ज्यान जानेको संख्या बढ्नसक्ने पनि अधिकारीले जनाएका छन् ।

उक्त भवन ठूलो थियो र यहाँ कैयौँ कम्पनीका कार्यालय पनि रहेका छन् । यो भवनको दोस्रो र तेस्रो तल्लाबाट मात्र २० वटा शव फेला परेको थियो । अरुतिर पनि खोजीकार्य भइरहेको जनाइएको छ । आगलागीको कारण पत्ता लागेको छैन । विद्युत् चुहावट भएकाले आगो लागेको हुनसक्ने प्रारम्भिक जानकारी प्रहरीले दिएको छ । तर यसको कारणका बारेमा थप अनुसन्धान भइरहेको बताइएको छ । भारतका राष्ट्रपति रामनाथ कोभिन्दले सो आगलागीको घटनाप्रति दुःख व्यक्त गरेका छन् । *रासस⁄सिन्हवा*

# पत्रकारको हत्याप्रति संयुक्त राष्ट्रसंघको निन्दा



**संयुक्त राष्ट्रसंघ–** अल जाजिराका पत्रकारको हत्याको संयुक्त राष्ट्रसंघले कडा शब्दमा निन्दा गरेको छ । अल जाजिराका पत्रकार सिरिन अबु अकलेहको गत बुधबार हत्या भएको थियो । इजरायली सेनाको कारबाहीको समाचार संकलन गरिरहेका बेला उनको गोली हानी हत्या भएको थियो । उनका अर्का एकजना साथी सो गोली प्रहारबाट गम्भीररूपमा घाइते भएका छन् । जेलिनमा इजरायली सैनिकले गरेको अपरेसनको समाचार संकलन गरिरहेका बेला जेलिनमा उनको हत्या भएको थियो । त्यस हत्याको कडा शब्दमा निन्दा गर्दै यस हत्यामा संलग्नलाई कारबाही गर्न माग गरिएको छ । समाचार संकलनका लागि खट्ने पत्रकारको सुरक्षा हुनुपर्नेमा संयुक्त राष्ट्रसंघले जोड दिएको छ । *रासस⁄सिन्हवा*

# न्युजिल्याण्डका प्रधानमन्त्रीलाई कोरोना संक्रमण

**वेलिङटन–** न्युजिल्याण्डका प्रधानमन्त्री जासिन्डा आर्डर्नलाई कोरोना भाइरस संक्रमण भएको छ । प्रधानमन्त्री जासिन्डा आर्डर्नलाई कोरोनाको संक्रमण देखिएको शनिबार जनाइएको छ । उनले शनिबार सो कुरा जानकारी गराएका छन् । उनले सामाजिक सञ्जालमा पोस्ट गर्दै आफूलाई कोरोना भाइरस भएको बताएका हुन् । आफू परिवारका साथ घरमा रहेको र आजदेखि घरमै एकान्तवास बस्ने जानकारी पनि गराएका थिए । उनले सामाजिक सञ्जालमा आफूले कोरोना भाइरसका विरुद्धमा विभिन्न सतर्कता अपनाउँदा पनि भाइरस देखिएको बताएका हुन् ।

प्रधानमन्त्री जासिन्डा आर्डर्नका सहयोगी पनि संक्रमित भएकाले आफू र सहयोगीले घरबाटै कार्यालयको काम गर्नेगरी व्यवस्था मिलाएको पनि उनले सामाजिक सञ्जालमा लेखेका छन् । हाल न्युजिल्याण्डमा दैनिक सात हजारभन्दा बढी नागरिकमा कारोना भाइरसको संक्रमण हुने गरेको बताइएको छ । *रासस⁄सिन्हवा*

# उत्तर कोरियामा ज्वरोबाट २१ को मृत्यु

**सोल–** उत्तर कोरियाले शनिबार ' ज्वरो' बाट थप २१ जनाको मृत्यु भएको घोषणा गरेको छ । उनीहरूलाई कोभिड भएको आशंका गरिएको छ । यहाँ कोभिड-१९ को पहिलो घटना पुष्टि भएको दुई दिनपछि देशव्यापीरूपमा पाँच लाखभन्दा बढी मानिस बिरामी परेको बताएको छ । उत्तर कोरियामा कोभिडविरुद्धको खोप लगाइएको छैन । यहाँ खोप नलगाएका मानिस रहेकाले ज्वरोले थलिएका भनिएका यी मानिसमा पनि कोभिडको संक्रमण भएको हुनसक्ने आशंका गरिएको छ ।

यहाँ शुक्रबार एकै दिनमा मात्रै एक लाख ७४ हजार ४४० भन्दाबढीलाई ज्वरो आएको थियो । कम्तीमा ८१ हजार ४३० पूर्णरूपमा निको भएका थिए । यस ज्वरोको कारण देशभर २१ जनाको मृत्यु भएको आधिकारिक कोरियाली केन्द्रीय समाचार एजेन्सीले जनाएको छ । उत्तर कोरियाको राजधानी प्योङयाङमा अत्यधिक संक्रामक ओमिक्रोन भेरियन्ट पत्ता लागेका बिहीबार पुष्टि भएको थियो । त्यहाँ नेता किम जोङ उनले राष्ट्रव्यापीरूपमा लकडाउन गर्न आदेश दिएको बताइएको छ । *रासस⁄एएफपी*



**ग्यासको माग** | शनिबार श्रीलंकाको कोलम्बोमा खाना पकाउने ग्यास उपलब्ध गराउन माग गर्दै प्रहरी चौकी अगाडि प्रदर्शनमा भाग लिँदै महिलाहरू । श्रीलंकालीहरू औषधि, इन्धन जस्ता दुर्लभ आयातित आवश्यक वस्तुहरू किन्न लामो लाइनमा बस्न बाध्य छन् । श्रीलंकामा विदेशी मुद्रा अभावका कारण खाना पकाउने ग्यास र खाद्यान्नको चरम संकट उत्पन्न भएको छ । *तस्बिरः एपी*


## Invitation for Bids

**Gharapjhong Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jomsom, Mustang**
**Gandaki Provience, Nepal**
Date of publication: 2079/02/01(15th May, 2022)

1. ***The Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang*** invites electronic bids from Nepalese eligible bidders for the Construction of Disaster Management and information Center Building, Gharapjhong -4, Jomsom, ***Gharapjhong-4, Jomsom*** under National Competitive Bidding procedures.
2. The Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang invites Electronic bids form eligible bidders for the Construction of following works under national competitive Bidding.

| S. No. | Contract No./ID | Description of Works | Total Estimated Amount (Without VAT & Contingencies) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | GRMJ/NCB/W/14/078/79 | Construction of Disaster Management and information Center Building, Gharapjhong -4, Jomsom. | 5369806.16 | 170000.00 | 3000.00 | 14-06-2022 until 13 :00 pm |

3. Eligible Bidders may obtain further information at the Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e- submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp till 2079-02-31(i.e. 14-06-2022) untill 13:00 pm. Bidders submitting their bid electronically should deposit the cost of bidding document in the Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal bank Limited — Name of Office: Gharapjhong Rural Municipality
   Office Code no. 801-04-41014 — Office Account no.: 06803000001001000001
   Rajaswa (revenue) Shirshak no. : 14249
   ***email id: gharapjhongruralmunicipality@gmail.com and phone no. 069-440016***
5. Pre- bid meeting shall be held at Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang at 2079-02-20 (i.e. 03-06-2022) 13:00 hours.
6. Separate Electronic Bids for Contract identification Number must be submitted to the Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 2079-02-31 (i.e. 14-06-2022) 13:00 hours.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079-02-31 (i.e14-06-2022) 13:00 hours at the Office of Gharapjhong Rural Municipal Executive Jomsom Mustang. Bids must be valid for a period of 90 days after bid opening. Bid Security amount must be as per above table and shall be valid for 30 days beyond the bid validity period.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
9. Bids should comply in all respects with the Instruction of Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुधारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९७००० | प्रति तोला - ९६५०० | प्रति तोला - १२४५ |

## बिमा कम्पनी गाभिने क्रम बढ्यो



■ प्रभाव संवाददाता

**काठमाडौं–** बीमा कम्पनीहरूबीच धमाधम गाभिने (मर्जर) तथा एक्विजिसन हुनेक्रममा तीव्रता पाएको छ। हिमालयन जनरल इन्स्योरेन्स र एभरेष्ट इन्स्योरेन्स एक आपसमा मर्जर जाने सम्झौता भएकोसंगै अर्को बीमा कम्पनी समेत मर्जरमा जाने भएका छन्। सोहीक्रममा प्राइम, गुराँस र युनियन लाइफ इन्स्योरेन्स बीच आपसमा गाभिने सम्झौता भएको छ। तीनवटा जीवन बीमा कम्पनीबीच एक आपसमा गाभ्ने गाभिनेबारे सम्झौता भएको हो।

सम्झौतामा मर्जरपछि बन्ने संस्थाको नाम भने नयाँ नै राखिने समेत बताइएको छ। कम्पनीहरू बीचको स्वाप रेसियो टुङगीएको छैन। मर्जर समितिले नै सो विषयको टुंगो लगाउने भएको छ। तीन वटै बीमा कम्पनी गाभिएपछि १:१ अनुपातमा गाभिए भने कुल चुक्तापुँजी ७ अर्ब १ करोड ३८ लाख ६६ हजार रूपैयाँ पुग्ने बताइएको छ। कम्पनीहरूको चालु आर्थिक वर्षको वित्तीय विवरण अनुसार प्राइम लाइफ इन्स्योरेन्सको चुक्ता पुँजी २ अर्ब ७७ करोड रूपैयाँ, युनियन लाइफको २ अर्ब १५ करोड र गुँरास लाइफको २ अर्ब ८ करोड रूपैयाँ छ।

बीमा समितिले बीमा कम्पनीहरूको चुक्तापुँजी वृद्धि योजना ल्याएपछि अहिले बीमा कम्पनीहरू मर्जर तथा प्राप्तिको दबाबमा परेका छन्। कम्पनीहरूले अहिले समितिसमक्ष पुँजी वृद्धिको योजना पनि पेश गरिसकेका छन्। कम्पनीहरूले पुँजी वृद्दीका लागि हकप्रद र मर्जर तथा प्राप्ति लगायत विकल्पहरू अगाडि सारेका छन्। बीमा समितिले २०७९ चैत चैत मसान्तभित्रमा निर्जीवन बीमा कम्पनीलाई साढे २ अर्ब र जीवन बीमा कम्पनीलाई ५ अर्ब चुक्ता पुँजी पुर्याउन पत्राचार गरेको थियो।

## गहुँको निकासीमा भारतको रोक
# नेपालमा ठूलो असर पर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारत सरकारले गहुँको निकासीमा रोक लगाएको छ। गहुँको मूल्य बढ्दै गएपछि भारत सरकारले निर्यातमा प्रतिबन्ध लगाएको हो।

भारत सरकारले गहुँलाई प्रतिबन्धित वर्गमा राख्दै निकासीमा रोक लगाएको हो। रुस र युक्रेनबीच चलिरहेको युद्धका कारण विश्वभर गहुँको मूल्यमा भारी वृद्धि भएसँगै भारतले निकासीमा रोक लगाएको बुझिन आएको छ। भारतले गहुँको निकासीमा रोक लगाएसंगै त्यसको असर नेपालमा समेत पर्ने जनाइएको छ। भारतले गहु निकासी रोकेसंगै छिमेकी र गरिब देशहरूमा समेत असर पर्ने देखिएको छ। तर भारतले आबश्यक परेका देशहरूमा गहुँ निर्यात जारी रहने जनाएको छ।



भारतको यो निर्णयले नेपाललाई असर गर्ने जानकारहरू बताउँछन्। भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ९ महिनामा भारतबाट नेपालमा ५ अर्ब ९७ करोड २२ लाख २५ हजार रूपैयाँको गहु भित्रिएको तथ्याङक रहेको छ। उक्त मूल्यमा भारतबाट नेपालमा १८ करोड ९ लाख २० हजार ५६४ केजी गहु आएको थियो। गत आर्थिक वर्ष २०७७/७८ मा नेपालले कूल ११ अर्ब ९७ करोड ६८ लाख ७६ हजार रूपैयाँको गहु भारतबाट आयात गरेको थियो। सो मूल्यमा ३८ करोड ८२ लाख ७८ हजार ८७७ केजी गहु नेपाल भित्रिएको थियो। नेपालमा भित्रने प्राय: सबै गहु भारतबाट मात्रै आउने गरेको छ। भारतले रोक लगाएपछि अब नेपालमा गहुँको अभाव हुने र पीठोलगायत गहुँबाट बन्ने विभिन्न वस्तुमा मूल्यवृद्धि हुनसक्ने आँकलन गरिएको छ।

भारतको वैदेशिक व्यापार महानिर्देशनालयले विभिन्न कारणले अन्तर्राष्ट्रियस्तरमा गहुँको मूल्यमा अचानक वृद्धि भएको जनाएउदै भारतका साथै छिमेकी राष्ट्र र अन्य धेरै देशको खाद्य सुरक्षामा खतरा उत्पन्न भएको र यसका कारण सरकारले गहु निकासी बन्द गर्नुपरेको बताइएको छ। गहुँलाई स्वतन्त्र वर्गबाट प्रतिबन्धित वर्गमा सारिएको छ। रुस र युक्रेनबीच जारी युद्धका कारण गहुँको अन्तर्राष्ट्रिय मूल्य ४० प्रतिशतले बढेको छ। भारतमा यसवर्ष १० करोड ५० लाख टन अनुमानको तुलनामा ९ करोड ५० लाख टन गहु उत्पादन हुने व्यापारीहरूले बताएका छन्। जसका कारण आपूर्ति चुस्त र भाउ बढिरहेको छ। गहु खरिदका लागि न्यूनतम समर्थन मूल्य भारु २,०१५ प्रति क्विन्टल छ।

भारतमा गहु र पिठोको खुद्रा मुद्रास्फीति मार्चमा ७.७७ प्रतिशतबाट अप्रिलमा बढेर ९.५९ प्रतिशत पुगेको छ। खुला बजारमा गहुँको मूल्य एमएसपीभन्दा धेरै महँगो भएकाले यस वर्ष सरकारी गहु खरिद करिब ५५ प्रतिशतले घटेको छ।

# भन्सारबाहेक अन्यको राजस्व स्रोत खोजिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आयातलाई घटाउने रणनीति लिएसँगै अब भन्सारबाहेकका अन्यको हकमा राजस्वको स्रोत खोजिने भएको छ। सरकारले राखेको राजस्व लक्ष्य भेट्टाउन नसकेपछि सो रणनीति लिएको हो। विदेशी मुद्रा जोगाउन गरिएका आयात नियन्त्रणमा भइरहेका प्रयासले राजस्व असुलीमा जोखिम बढ्दै गएको छ।

नेपालको राजस्वको ठूलो हिस्सा आयातबाट भन्सार विन्दु संकलनमा हुने भएकाले सरकारलाई पैठारी निरुत्साहित गर्न पनि चुनौती उत्पन्न भएको छ। बढ्दो शोधनान्तर घाटा र घट्दो विदेशी मुद्राको सञ्चितिका कारण आगामी आर्थिक वर्ष आर्थिक वर्ष २०७९/८० को बजेट आयात नियन्त्रण गर्ने गरी ल्याउन लागेको समेत अर्थमन्त्री जनार्दन शर्माले बताएका छन्। तर सो सरकारी कदमले राजस्वमा ठूलो दबाव पर्ने समेत सम्बन्धित क्षेत्रका जानकारहरूले बताएका छन्।

सरकारलाई आयात घट्ने र राजस्व बढ्ने बाटो तय गर्नुपर्ने बाध्यात्मक अवस्था देखिएको अर्थविद्हरूले बताएका छन्। सरकारले अहिलेसम्म कडाइ नगरी छाडिएका विभिन्न आन्तरिक राजस्वका क्षेत्रहरूलाई आगामी आर्थिक वर्षको बजेटमा समेटे कडाई गर्ने रणनीति समेते सरकारको रहेको छ। अर्थमन्त्रालयका अनुसार आगामी आर्थिक वर्षमा कर प्रणालीमा देखिने गरी सुधारका नयाँ बाटोहरू समेत पहिल्याएर बजेट तयार गरेको जनाएको छ।

आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र निकासीलाई प्रोत्साहन गर्न आयात प्रतिस्थापनका लागि औद्योगिक संरक्षण र भन्सारका दरमा परिमार्जन गर्ने योजना रहेको अर्थमन्त्री शर्माले बताएका छन्। लामो समयदेखि राजस्व आयातमूखी रहेको अवस्थालाई आन्तरिक राजस्वतर्फ मोड्न संरचनामै परिवर्तन गर्न लागेको समेत उनको भनाई रहेको छ। बजेटले राजस्व नीति ल्याउने तयारी गरेको मन्त्रालयले जनाएको छ।

निर्यातमुलक उद्योगलाई छुट तथा सहुलियतदेखि नेपालमै उत्पादन सम्भव भएका वस्तुहरूको आयातमा लाग्ने महसुल दर वृद्धि गरिने तयारी सरकारको रहेको छ। सरकारले घरजग्गा कारोबारलाई एजेन्सीमार्फत मात्रै कारोबार गर्ने लगायतका व्यवस्था गर्न लागेको बुझीएको छ। राजस्व संकलन वृद्धि गर्न दायरा बढाउनुका साथै विद्यमान क्षेत्रहरूबाट राजस्व चुहावट रोक्न सरकारी उपस्थिति बढाउन नयाँ कानुनी व्यवस्थाहरू गर्नुपर्न लागिएको पाइएको छ। सरकारले हरेक वर्ष विभिन्न शीर्षकमा राजस्व छुट दिदै आएको छ। यसमा पुर्नरावलोकन गर्ने माग लामो समयदेखि उठेकोभन्दै यस पटक प्राथमिकताका साथ उठाएको मन्त्रालय स्रोतको भनाई रहेको छ।

सो अनुसार स्वदेशमै उत्पादन सम्भव भएका वस्तुलाई उत्पादनमा जोड दिने, उनीहरूलाई प्रोत्साहन गर्ने, नभए अनावश्यक कर छुटलाई पुनरावलोकन गर्दै आगामी आवको राजस्व नीति बनाउने बताईएको छ। आन्तरिक उत्पादन बढाउँदा वार्षिक ४ खर्ब रूपैयाँभन्दा बढी बराबरको व्यापार घाटा कम गर्न सकिने सम्भावना देखाइएको छ।सोही कारण आगामी बजेटमा कृषि तथा स्वदेशी उद्योगलाई प्रोत्साहन हुने गरी नीतिहरू ल्याउने तयारी मन्त्रालयले गरेको छ। राजस्व नीतिले रोजगारी सिर्जनालाई प्राथमिकता दिने समेत प्रतिबद्धता सरकारले गरेको छ।

प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न समेत बजेटले केही न केही सम्बोधन गर्ने भएको छ। निजी क्षेत्रले प्राथमकताका साथ उठाएको व्यक्तिगत आयकरको सीमा बढाउने तयारी सरकारले गरेको छ। अहिले अविवाहितको हकमा ४ लाख र विवाहितको हकमो ४ लाख ५० हजार रूपैयाँ वाषिर्क आम्दानीमा एक प्रतिशत मात्र कर लाग्ने गरेको छ। त्यो भन्दा माथिको कारोबारमा अधिकतम ३६ प्रतिशतसम्म कर असुली हुदै आएको छ। अहिले निम्न मध्यम र मध्यम आय भएकाहरूले तिर्नुपर्ने आय करको भार आम्दानीको तुलनामा उच्च रहेको जनाइएको छ। राजस्व परामर्श विकास समितिले आयकरको स्ल्याब प्रगतिशील स्वरूपमा भए पनि त्यसलाई अझै सुधार्न सरकारलाई सुझाव दिँदै आएको जनाएको छ। समितिले शेयर बजार र घरजग्गा कारोबारबाट हुने आम्दानीमा लाग्ने पुँजीगत लाभ करको तुलना गर्ने हो भने अहिलेको आयकरको दर निकै अव्यावहारिक देखिएको समेत जनाएको छ।

सरकारले पुँजी बजारमा शेयर किनेर एक वर्षपछि बेच्दा खुद मुनाफामा ५ प्रतिशत पुँजीगत लाभकर लिने गरेको छ। एक वर्ष पुग्नुअघि बेच्दा ७ दशमलव ५ प्रतिशत लाभ कर तिरे पुग्छ। यो व्यवस्थाले हालसालै किनिएको सेयरको मूल्य एकाएक बढेमा तत्काले बेच्दा लाखौं-करोडौं लाभ भए पनि ७ दशमलव ५ प्रतिशत लाभकर तिर्दा हुने भएको छ। यसले उच्च आय गर्दा पनि थोरै कर तिरेरै उन्मुक्ति पाइने ठाउँ दिएको छ भने सानो कारोबार गर्नेहरूलाई पनि ठूलो कारोबारीकै बराबर दरमा कर लिदै आएको छ ।

सरकारले घरजग्गा कारोबारमा लिने पुँजीगत लाभकर न्यायोचित छैन। घरजग्गा किनेको केही वर्षमा करोडौं मूल्य बढाएर बेच्दा पनि ५ प्रतिशतसम्म लाभ कर तिर्ने व्यवस्थालाई पनि परिमार्जन गर्ने भएको छ। कारोबारको पाँच वर्षभित्र फेरि कारोबार भएमा ५ प्रतिशत र ५ वर्ष नाघेमा २ दशमलव ५ प्रतिशत लाभ कर लाग्ने व्यवस्था छ। घरजग्गा कारोबार गर्दा वास्तविक मूल्य नदेखाई ‘फर्जी मोल’ देखाएर लाभकर छल्दै समेत आएको छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागले अर्थ मन्त्रालयलाई यस्तो लाभकरलाई १ र २ प्रतिशत बनाएमा वास्तविक अंक खुलेर कर धेरै उठ्ने सुझाव दिदै आएको छ। १० लाख रूपैयाँसम्मको कारोबारमा लाभ कर नलागे पनि त्यसमाथिको सबै कारोबारमा एउटै दरको लाभकरको व्यवस्था छ। स्ल्याबको व्यवस्था नहुँदा मध्यम वर्ग र उपल्ला वर्गले घरजग्गा कारोबारमा तिर्ने लाभकरको दर पनि एउटै छ। करको दरमा मात्रै नभई करमा हुने छूट र सहुलियतको घोषणा पनि ‘हुने खाने’ कै हितमा हुँदै आएको पाइएको छ।

चालु आर्थिक वर्षको बजेटले कर दाखिला गर्दा आर्थिक वर्ष २०७३/७४ देखि २०७६/७७ सम्मको आफ्नो कारोबार घोषणा गर्दा कारोबार अंक फरक परेको भए २०७८ साल चैत मसान्तभित्र वास्तविक कारोबार घोषणा गरेमा फरक परेको रकमको १ दशमलव ५ प्रतिशत कर दाखिला गर्दा हुने व्यवस्था गरेको छ। शुरुआतमा नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) १० प्रतिशत थियो, २०६२/६३ पछि १३ प्रतिशत बनाइएको छ।

सबै खालका मान्छेले तिर्ने उपभोगमा लाग्ने भ्याटसहित सरकारी सेवा बापतका धेरै जसो गैरकरहरू सबैले एउटै दरमै असुली हुदै आएको छ। करको संरचनात्मक अवस्थालाई आधारभूत रूपबाटै परिवर्तन गरेर लैजानुपर्ने भन्दै उत्पादनशील अर्थतन्त्र बनाउन र आर्थिक गतिविधि बढाउन पनि प्रगतिशील करनीति अवलम्बन गर्नुपर्ने बताएका छन्। हाम्रोमा भ्याट, गैर कर लगायत राजस्वका स्रोतहरू ‘रिग्रेसिभ’ (पश्चगामी) खालका रहेका छन्।

## डिजेल, पेट्रोल र मट्टीतेलको मूल्य १० रूपैयाँले बढ्यो

**काठमाडौं (प्रस)–** सरकारले डिजेल, पेट्रोल र मट्टीतेलको मूल्य एकैपटक लिटरमा १० रूपैयाँले बढाएको छ। नेपाल आयल निगमले शनिबार मूल्य बढाउने निर्णय गरेको हो। यो अहिलेसम्मकै उच्च मूल्य हो।

वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेय नेतृत्वको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थको निर्णय गरेको जानकारी दिइएको छ। यो निर्णयसँगै पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रूपैयाँ पुगेको छ। यसैगरी डिजेल र मट्टीतेलको मूल्य १५३ रूपैयाँ प्रतिलिटर कायम भएको छ।

बढेको मूल्य शनिबार राति १२ बजेदेखि लागू हुने निगमले निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए। निगमले पेट्रोलियम पदार्थको बिक्रीबाट ठूलो घाटा बेहोर्नुपरेको विवरण सार्वजनिक गर्दै आएको छ। पछिल्लो समय लगातार पेट्रोलियम पदार्थको मूल्य बढाउँदै आएको छ। रुस-युक्रेन युद्धपछि अन्तर्राष्ट्रिय बजारमा नै मूल्य उच्च बनेपछि नेपालमा पेट्रोलियम पदार्थको मूल्य उच्च बिन्दुमा पुगेको हो। सरकारले पेट्रोलियम पदार्थको खपत घटाउन भन्दै आज जेठ १ गतेदेखि हप्तामा दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरिसकेको छ।

**केन्द्रीय तथ्याङ्क विभागको अनुरोध**

यही २०७९ वैशाख ६ देखि जेठ १९ गतेसम्म छनोटमा परेका कृषक परिवारहरूको घरदैलोमा आउने गणक तथा सुपरिवेक्षकहरूलाई खेतीपाती तथा पशुपन्छी सम्बन्धित सत्य तथ्य विवरण दिएर सातौं राष्ट्रिय कृषिगणना २०७८ सफल पार्न केन्द्रीय तथ्याङ्क विभाग सम्पूर्ण कृषक परिवार तथा सरोकारवालामा हार्दिक अनुरोध गर्दछ।

**कृषिगणनाको सार, कृषि योजनाको पूर्वाधार**

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook

www.facebook.com/Prabhab Online

प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ